# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## क्रान्तिकारी माओवादीद्वारा क.कृष्णदास श्रेष्ठको निधनप्रति शोक वक्तव्य जारी





काठमाडौं । नेपाली कम्युनिष्ट आन्दोलनका एक वरिष्ठ नेता, अग्रज तथा अभिभावक कृष्णदास श्रेष्ठको ८७ वर्षको उमेरमा भएको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ले हार्दिक श्रद्धासुमन व्यक्त गरेको छ । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य 'किरण'द्वारा शनिवार जारी गरिएको शोक वक्तव्यमा उक्त कुरा जनाइएको हो ।

विज्ञप्तिको सुरुमा भनिएको छ- 'नेपालको कम्युनिस्ट आन्दोलनका एउटा नेता, ...बाँकी ७ पेजमा


वर्ष ३ अङ्क ३५ पूर्णाङ्क १३३ | २०७५ फागुन १३ गते सोमबार | Monday, Feb. 25, 2019 | पृष्ठ ८ | मूल्य रू. १०|-


# भव्य र उत्साहजनक रूपमा चलिरहेको छ मेची-महाकाली अभियान

***मेचीबाट सुरू भएको अभियान २ नं. प्रदेशमा, महाकालीबाट सुरू भएको अभियान ५ नं. प्रदेशमा, पोखराको अभियान टोली ४ नं.का जिल्लामा अभियान चलाउँदै, काठमाडौंको अभियान टोली २१ गतेको तयारीमा***





काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नेतृत्वमा ७ फागुनदेखि जारी मेची-महाकाली जनजागरण अभियान अहिले भव्य र उत्साहजनक रूपमा चलिरहेको छ । झापाको काँकटभिट्टा, कञ्चनपुरको गड्डाचौकी, कास्कीको पोखरा, काठमाडौंका शान्तिबाटिकाबाट भव्य रूपमा उद्घाटन भई सुरु भएको १५ दिने मेची-महाकाली अभियानले नेकपा (क्रान्तिकारी माओवादी) तथा देशभक्त जनगणतान्त्रिक मोर्चामाथि आकर्षण र ध्रुवीकरण समेत बढाएर लगेको छ ।

**मेचीबाट सुरु भएको अभियान टोली २ नं. प्रदेशमा**

७ फागुनमा झापाको काँकटभिट्टामा भव्य कार्यक्रमका बीच मेची-महाकाली अभियानको उद्घाटन भयो । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलको नेतृत्वमा सञ्चालित हुने यो अभियानको उद्घाटन अध्यक्ष गजुरेलले नै गरे ।

अभियान उद्घाटन समारोहको अध्यक्षता मोर्चाका सचिवालय सदस्य तथा १ नं. प्रदेशका संयोजक नगेन्द्र राईले गरेका थिए भने मोर्चाका केस उमेश तिमिल्सिनाले सञ्चालन गरेका थिए । अध्यक्ष गजुरेल र मोर्चाका सचिवालय सदस्य मनोज श्रेष्ठले सम्बोधन गरेको यो समारोहमा १ नं. प्रदेशमा कार्यरत नेकपा (क्रान्तिकारी माओवादी)का केसहरू, जिल्ला सचिवहरू, जबस-मोर्चाका प्रदेश संयोजकहरू लगायतका नेताहरूको उपस्थिति तथा अभियानमा सहभागिता रहेको थियो । ...बाँकी ८ पेजमा

## 'राज्यले दमन गरे अर्को क्रान्ति सुरु हुन्छ'



मोरङ । देशभक्त जनगणतान्त्रिक मोचा नेपाल केन्द्रीय अध्यक्ष सीपी गजुरेलले अब राष्ट्रियताको मुद्दा कार्यनीतिक बनेर आइसकेको लड्नु पर्ने स्थिति निम्तिइसकेको बताएका छन् । मेची महाकाली अभियानको निरन्तरताको क्रममा मोर्चाले झापामा नेपालको अतिक्रमित सीमा क्षेत्रको अनुगमनपछि मोरङ्गको उर्लाबारीमा आयोजित वृहत ...बाँकी ७ पेजमा

## 'दलाल सरकारका कारण जनताले दु:ख पाए'

● **धनन्जय अवस्थी**



कैलाली । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रीय सचिव परि थापाले देशमा दलालहरूको शासन व्यवस्था कायम भएकाले जनताले दुख पाएको बताएका छन् । कैलाली ट्राफिक चोकमा आयोजना गरिएको सभालाई सम्बोधन ...बाँकी ७ पेजमा

## 'क. कष्णदास श्रेष्ठबाट कम्युनिस्ट क्रान्तिकारीहरुले धेरै कुरा सिक्नु पर्छ'



काठमाडौं । नेपाली कम्युनिस्ट आन्दोलनका पहिलो पुस्ताका नेता तथा बरिष्ठ मार्क्सवादी चिन्तक, विचारक, लेखक तथा अनुवादक कृष्णदास श्रेष्ठको पार्थिव शरीरमाथि अन्तिम श्रद्धाञ्जली अर्पण गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन ...बाँकी ७ पेजमा

## जनगणतन्त्र स्थापना अबको विकल्प

**मेची-महाकाली राष्ट्रिय जनजागरण अभियान एउटा जनचेतनामूलक कार्यक्रम हो । पार्टी नेतृत्व के मा स्पष्ट छ भने वर्तमानको प्रतिक्रियावादी सत्ताको विकल्प त अन्त्यमा सशस्त्र जनविद्रोहबाट मात्रै सम्भव छ**



● **हुकुमबहादुर सिंह** ●

नेकपा (क्रान्तिकारी माओवादी) को २०७५ मंसीर १२ देखि १७ सम्म रूपन्देहीको ढबाहमा बसेको केन्द्रीय समितिको बैठकले राष्ट्रियता, जनतन्त्र र जनजीवीकाको विषयलाई लिएर संघर्षबारे विभिन्न कार्यक्रमहरू गर्ने निर्णय गरेको थियो, जसमध्ये फागुन १ गते युवा मोर्चाको देशव्यापी रूपमा रातो मार्चपास कार्यक्रम आयोजना गरी जनयुद्ध दिवस मनाउने र फागुन महिनामा मेची-महाकाली राष्ट्रिय जनजागरण अभियान सञ्चालन गर्ने थिए । त्यसको साथै हरेक प्रदेश तथा जिल्लाहरूमा स्थानीय विशेषताहरूमाथि आवश्यक ध्यानदिंदै वर्गसंघर्ष तथा प्रतिरोध संघर्षहरूलाई सिर्जनात्मक रूपमा विकसित तुल्याउने पनि भनिएको थियो ।

निश्चित अवधिमा निश्चित कार्यक्रम सम्पन्न गर्नुपर्ने थियो । साथै, हरेक जवस मोर्चाहरूले आआफ्ना विशिष्ट मागहरू राखी विशिष्ट प्रकारका संघर्षहरूको सञ्चालन गर्ने र परि स्थिति र आवश्यकता अनुसार संयुक्त संघर्षहरू पनि चलाउने निर्णयअनुसार स्थानीय विशेषताहरूमाथि आवश्यक ध्यान दिंदै वर्गसंघर्ष तथा प्रतिरोध संघर्षलाई सिर्जनात्मक रूपमा काठमाण्डौ र सुर्खेतमा भ्रष्टाचारीमाथि कारबाही, बांके, बर्दिया तथा सिन्धुलीमा भूमाफियाहरूमाथिको जनकारवाहीहरू उल्लेखनीय रहे ।

त्यसैगरी गत फागुन १ गते युवा मोर्चाको देशव्यापी रूपमा रातो मार्चपास कार्यक्रम सफलतापूर्वक आयोजना गरी देशव्यापी रूपमा मनाइयो भने यही फागुन ७ गते मेची-महाकाली राष्ट्रिय जनजागरण अभियान सञ्चालन गर्ने कार्यक्रमअनुसार यही ७ देखि २१ गतेसम्म तराई र भित्रीमधेसका जिल्लाहरूमा "राष्ट्रिय स्वाधीनताको रक्षा र संघीय जनगणतन्त्रको स्थापनाका लागि संघर्ष गरौं" भन्ने मूल नाराका साथ मेची-महाकाली राष्ट्रिय जनजागरण अभियानको उद्घाटन नेपालको ...बाँकी ७ पेजमा

## सम्पादकीय

# जनलहर सृष्टि गर्दै मेची–महाकाली जनजागरण अभियान

मेची–महाकाली जनजागरण अभियानले अहिले देशव्यापी तरंग पैदा गरेको छ । देशमा भइरहेका राष्ट्रघाती र जनविरोधी गतिविधिको भण्डाफोर तथा जनसचेतना अभियानका रूपमा यसलाई जनताले स्वीकार गरेका छन् । अभियानले अहिले देशवपी गति पाएको छ । पूर्वमा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेबाट यो अभियानको प्रत्यक्ष नेतृत्व भइरहेको छ । पश्चिम नेपालमा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रीय सचिव परि थापाको नेतृत्वमा अभियानको कार्यक्रम अघि बढिरहेको छ । जनताले देश किन अनिर्णयको बन्दी बन्न पुगेको छ र जनताका अधिकारहरू किन दिनप्रतिदिन हरण भइरहेका छन् भन्ने बारेमा बुझ्न र नेतासँग अन्तरसम्वाद गर्ने अवसर पाएका छन् । वर्गविभाजित समाजमा मानिसको वर्ग, उसको विचार र व्यवहार पनि वर्गीय हुने भएकाले तल्ला र वास्तविक शोषित तथा उत्पीडित वर्गका जनताले देशमा चलिरहेको शासन व्यवस्थाको यथार्थता यो अभियानमार्फत् जानकारी हासिल गर्ने अवसर पाएका छन् । यस अर्थमा यो अभियानको सार्थकता रहेको छ । दोस्रो कुरा, दलाल तथा जनविरोधी सरकारले निकै गुलिया नारा र झुठा आश्वासनका पोकाहरू बाँडेर जसरी देश र जनताका विरुद्धमा लागि परेको छ, यसको भण्डाफोर जरुरी थियो, त्यो भण्डाफोर जनताका माझमा पुगेर गरिएको छ । यसबाट कम्युनिष्टको नाममा दलालहरूले गरिरहेका चालबाजी जनताले बुझि सकेका छन् । मेचीमहाकाली अभियान आफैमा भण्डाफोर र यथार्थताको जानकारी गराउने अभियानमा परिणत भएको छ ।

मेची–महाकाली अभियानको अर्को सार्थकता भनेको पार्टी, पार्टी नेता र जनताका बीचमा सघन तथा गहिरो सम्बन्ध कायम हुन पुग्नु हो । जनताले आफ्ना नेताहरू चिन्नु, उनीहरूको चालचलन, व्यवहार, विचार बुझ्नु, पार्टीका नीति तथा कार्यक्रमहरू थाह पाउनु, जनस्तरबाट आफ्ना कुराहरू पनि ती नेताहरूका सामु जस्ताको तस्तै राख्नु अनि उनका कुरामा पार्टी गाँसिनु र पार्टीका नीति तथा कार्यक्रमहरूमा जनताको स्वेच्छिक र वैचारिक सहभागिता रहनु हो । यसलाई माओले जनसमुदायसँग नेतृत्व तथा पार्टीलाई जोड्ने कुरा अन्तर्गत राखेका छन् । यदि पार्टी पार्टी नेताहरू जनताबाट, जननीतिबाट र जनसम्बन्धबाट कटेर अलग भए भने उनीहरू शासक र संभ्रान्त भन्दा फरक हुँदैनन् । मेची महाकाली जनजागरण अभियानले जनता र नेताहरूका बीचमा गहिरो सम्बन्ध स्थापना गर्दै जानका लागि सानो मात्राको भए पनि ढोका खुला गर्ने प्रयत्न गरेको छ । यसलाई संगठन निर्माण तथा बिस्तारका माध्यमबाट विसाल र व्यापक रूप दिंदै अघि बढ्ने कार्यक्रमहरू बनाएर जानु पर्छ । यो अभियानलाई पार्टीभित्र जननीति व्यापक बनाउने अभियानका रूपमा ग्रहण गर्ने गरी लिएर जानु पर्छ । सच्चिने र सच्याउने कुरा दोहोरो हुने भएकाले माओले यसलाई 'जनताबाट लिएर जनतालाई दिने' भनेका छन् । माओको भाषमा 'बुक फिलोसोफी'लाई 'लाइफ फिलोसोफी'सँग जोड्ने विधि र प्रक्रिया नै यस्तै जनअभियानहरू हुन् । यसको स्वरूप आफैमा वृहद् अन्तरक्रियात्मक हुन्छ ।

मेची–महाकाली अभियानले वर्गीय समाजमा रहेका जनतालाई उनीहरूको वर्ग र वर्गस्वार्थअनुसार ध्रुवीकरण र कित्ताबन्दी हुन पनि सहयोग गरिरहेको छ । जनसभाहरू मार्फत् जनताका माझमा अन्तरक्रियात्मक रूपमा पस्किएका देश र जनताका कुराहरू विश्लेषण गर्ने र तिनीहरूलाई समाजमा रहेका विविध विचारहरूका माझ आफू र आफ्नो वर्गअनुकूल संश्लेषण गर्ने गरी स्वायत्तता र स्वतन्त्रतासहित उनीहरूका बीचमा बहस सिर्जना गरिएको छ । अभियान र यसले दिएका सन्देशहरूले जनताका माझमा अन्तरक्रियालाई स्वचालित जस्तो बनाएर गति दिएको छ । यसले ध्रुवीकरण र कित्ताबन्दीलाई क्रमशः ठोस आकार दिंदै जानेछ । मेचीमहाकाली अभियानले दिएको तरंग आफैमा देश र जनताका पक्षमा भएको र यो वर्गीय तथा वैचारिक भएकाले पनि तत्काल ठोस परिणाम नदेखिए पनि यसले निर्माण गर्ने पक्षधरता विशिष्ट खालको हुनेछ । त्यो नै अवका दिनमा चल्ने वर्गसंघर्षको वैचारिक तथा सांगठनिक आधारबन्न जाने छ ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ ।
४. लेख वा समाचार पठाएपछि ९८६०५०३९८३/९८५११३४८३० वा ०१-४७८५७६३ मा फोन गरी जानकारी गराउन हुन अनुरोध छ ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# नेपालमा मार्क्सवाद : संभावना र चुनौती



धनेश्वर पोखरेल

**मार्क्सवाद समाजवादी विज्ञान मात्र नभएर सर्वहारा वर्गको मुक्तिको मार्ग निर्देशक सिद्धान्त र द्वन्द्वात्मक भौतिकवादी दर्शन पनि हो । यसले संपूर्ण उत्पीडित जात, वर्ग क्षेत्र र लिङ्ग मात्र नभएर साम्राज्यवादी तथा विस्तारवादीद्वारा उत्पीडनमा परेका उत्पीडित राष्ट्र र जनतालाई समेत त्यसका विरूद्ध शसक्त ढंगले लड्न र मुक्ति प्राप्त गर्न सिकाउँछ ।**

**१. प्रारम्भ :**

'मार्क्सवादको उदय मानव सभ्यताको इतिहासमा सर्वाधिक युगान्तकारी घटना हो । यसको आगमनसँगै मानव समाजको प्रगति यति तिब्र र गुणात्मक ढंगले भएको थियो, जसको तुलना विगतको कुनै पनि प्रगतिसँग हुन सक्दैन । त्यसको कारण के थियो भने यसले समाजका सबैभन्दा उत्पीडित तथा प्रगतिशील वर्गहरूलाई मुक्ति-संघर्षमा सुस्पष्ट मार्गदर्शन प्रदान गरेको थियो, जुन पूर्णतः वैज्ञानिक छ । फलस्वरूप संसारभरि लाखौं-करोडौं जनता आफ्ना शत्रुहरूलाई आतंकित पार्दै मार्क्सवादको झण्डामुनि लामबद्ध भए । मार्क्सवादको मार्गदर्शनमा उनीहरूले युगान्तकारी क्रान्तिका माध्यमबाट शोषणमुलक समाजका संपूर्ण बन्धनहरूलाई चुंडाएर, प्रतिकृयावादी समाजका संपूर्ण संयन्त्रहरू तथा पर्खालहरूलाई भत्काएर यस्तो नयाँ समाजको स्थापना गरे, जुन चिरकालदेखि मानवजातिको आकांक्षा रहिआएको थियो । उन्नाईसौं सताव्दीको उत्तारार्धदेखि बीसौं सताब्दीको पूर्वाधसम्म करीब सय वर्षको छोटो अवधिमा घटेका यी महानता विश्वव्यापी घटनाहरूबाट मार्क्सवाद अब अस्वीकार गर्नै नसकिने गरी स्थापित भएको छ ।'

मार्क्सवादले मानवजातिलाई संसार बुझ्ने र बदल्ने सुसंगत वैज्ञानिक विश्व दृष्टिकोण प्रदान गरेको छ । यसका सार्वभौम सिद्धान्तहरू अकाट्य रूपमा सत्य छन्, जसले हरेक कार्यमा पथ प्रदर्शनको काम गर्दछन् ।

तर मार्क्सवादले तम्तयार सुत्र प्रदान गर्दैन । सामाजिक आन्दोलनका विशिष्ट कार्यक्रमहरू अर्थात कार्यनीतिहरू देश, काल तथा परिस्थितिअनुसार भिन्न हुने भएकाले यसका लागि मार्क्सवादले निरन्तर अध्ययन-अनुसन्धानको माग गर्दछ । मार्क्सवादको मूल भावना "ठोस परिस्थितिको ठोस विश्लेषण हो" । विगतमा यही भावनाअनुसार अगाडि बढ्नमा केही गल्ती-कमजोरी हुन गएकाले आज मार्क्सवादी आन्दोलनमा केही गतिरोध आएको छ र पुँजीवादलाई क्षणिक राहत मिलेको छ । त्यसकारण वर्तमान गतिरोधलाई चिनेकाका लागि विश्वव्यापी रूपमा विकसित नयाँ परिस्थितिको ठोस विश्लेषण गर्नु आवश्यक हुन गएको छ । अर्थात् मार्क्सवादको उदयपछि मानवजातिद्वारा सिर्जित संपूर्ण चिजहरूको आलोचनात्मक ढंगले अध्ययन गर्नु, विश्लेषण गर्नु र त्यसबाट वस्तुगत निष्कर्षहरू निकाल्नु संपूर्ण मार्क्सवादीहरूको आजको कार्यभार हो ।

मार्क्सवादका ठेलीहरू घोकेर मात्र त्यसको व्यख्या गरेर मात्र वा अर्कालाई उपदेश दिएर मात्र कोहि पनि सच्चा मार्क्सवादी बन्न सक्तैन । मार्क्सवाद सर्वहारा वर्गको मुक्तिको विज्ञान र दर्शन भएकोले यसलाई जीवन व्यवहारमा आत्मसाथ गरेर वा व्यवहारमा प्रयोग गरेर मात्र जो कोही मार्क्सवादी बन्न सक्छ । आजको दुनियाँमा मार्क्सवादको अध्ययन नगर्ने कोही पनि हुँदैन, तर अध्ययन गर्ने जति सबै मार्क्सवादी होइनन् । मार्क्सवादलाई अर्को शब्दमा त्याग र बलिदानको दर्शन पनि भनिन्छ । अर्थात् समाज रूपान्तरणको मुख्य कडीका रूपमा पनि मार्क्सवादलाई बुझ्ने गरिन्छ ।

**२. मार्क्सवाद एक गतिशील विज्ञान :**

मार्क्सवाद कुनै जडवस्तु होइनन्, यो गतिशील विज्ञान हो । ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै आफ्नो देशको सापेक्षतामा लागू गर्ने संदर्भमा यसको सारतत्वलाई भने कदापि छोड्नु वा भुल्नु हुँदैन । के हो यसको सारतत्व भनेको ? यसको सारतत्व भनेको वर्ग-संघर्ष, सर्वहारा अधिनायकत्व, सशस्त्र बलप्रयोगको भूमिका र द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी यी नै मार्क्सवादको सारतत्व हुन् । यसलाई व्यवहारिक रूप दिन क्रान्तिकारी ठोस परिस्थितिको ठोस विल्लेषण गरी कलात्मक ढंगले लागु गर्नु पर्छ । यसै संदर्भमा लेनिन भन्नु हुन्छ "हामी मार्क्सको सिद्धान्तलाई संपूर्ण र अदृश्य ठान्दैनौं । यसको उल्टो हामी के ठान्दछौं भने यस विचारधारा त्यस विज्ञानको जग हो, जुन विज्ञानको समाजवादीले पछि पर्न न चाहने हो भने चौतर्फि विकास गर्नु पर्दछ ।" लेनिनले भन्नु भए झैं मार्क्सवादी सिद्धान्तलाई क्रान्तिकारीहरूले जगको रूपमा आत्मसातीकरण गरी त्यसलाई समृद्ध तुल्याउन विकासका कोषेढुङ्ग थप्दै जानु पर्छ ।

क. लेनिनले रुसको मौलिकतामा मार्क्सवादको सिर्जनात्मक प्रयोग नगरेको भए मार्क्सवादको विकास लेनिनवादमा हुदैनथ्यो । लेनिनले मार्क्सवादको जगमा टेकेर पुँजीवादी मुलुकमा गरिने सर्वहारा क्रान्तिको मोडेलको रूपमा शसस्त्र विद्रोहको मोडेल प्रस्तुत गर्नु भयो । उक्त क्रान्तिकारी सफल तुल्याउनको निम्ती सिर्जनात्मक कला प्रयोग गर्नु भयो जसले विश्व साम्राज्वादको नाईके अमेरिका र जापान बीचको तिब्र अन्तरविरोधबाट फाइदा उठाएर १९१७ को अक्टोबर समाजवादी क्रान्ति सफल गऱ्यो । यो मार्क्सवादको लेनिनवादमा भएको छलाङ्ग हो ।

त्यस्तै अर्ध सामन्ती र अर्ध औपनिवेशिक मुलुक चीनमा मार्क्सवाद लागु गर्ने सन्दर्भमा क. माओले मार्क्सवादकै आधारसिलामा टेकेर आफै देशको ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै सर्वहारा क्रान्तिको अर्को मोडेल 'गाउँले सहर घेर्ने दीर्घकालिन जनयुद्ध'को कार्यदिशा अगाडि ल्याउनु भयो । १९४९ मा चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर मार्क्सवाद-लेनिनवादमा अर्को आयाम थपेर अर्को गुणात्मक छलाङ्ग माओवादको विकास गर्नु भयो ।

यसरी मार्क्सवादले एक गतिशील विज्ञानको रूपमा एकपछि अर्को चरणमा विकास गर्दै आयो । त्यसैगरी संसारका विभिन्न मुलुकहरूमा राष्ट्रिय मुक्ति आन्दोलन तथा वर्गीय मुक्ति आन्दोलनहरू भए । त्यसमध्ये केही मोडेलको रूपमा सफल भए भने केही विविध कारणले सफल हुन सकेनन् । तर पनि ती आन्दोलन वा क्रान्तिहरू सर्वहारा क्रान्तिको प्रेरणाका रूपममा दर्ज भए । क्यूवा, भियतनाम, पेरिस कम्यून, पेरु लगायतका आन्दोलनहरू सर्वहारा क्रान्तिका उर्जा हुन ।

मार्क्सवाद समाजवादी विज्ञान मात्र नभएर सर्वहारा वर्गको मुक्तिको मार्ग निर्देशक सिद्धान्त र द्वन्द्वात्मक भौतिकवादी दर्शन पनि हो । यसले संपूर्ण उत्पीडित जात, वर्ग क्षेत्र र लिङ्ग मात्र नभएर साम्राज्यवादी तथा विस्तारवादीद्वारा उत्पीडनमा परेका उत्पीडित राष्ट्र र जनतालाई समेत त्यसका विरुद्ध शसक्त ढंगले लड्न र मुक्ति प्राप्त गर्न सिकाउँछ । यसले सामन्त, दलाल तथा नोकरशाही पुँजीपतिद्वारा पिल्सिएका किसान-मजदुर लगायत तमाम उत्पीडित वर्ग समुदायहरूलाई जीवनको महत्वबोध गराउदै स्वाभीमानी मानव जीवन जीउन सिकाउँछ । त्यतिमात्र होइन, मार्क्सवादले प्रतिकृयावादी राज्यसत्तालाई सशस्त्र बलप्रयोगको माध्यमबाट उखेलेर फाल्न र त्यसको स्थानमा सर्वहारा अर्थात् उत्पीडित वर्गको राज्यसत्ता नयाँ जनवाद, समाजवाद र साम्यवादी राज्यसत्ता निर्माण गर्न सिकाउँछ । सारमा भन्नुपर्दा मार्क्सवाद त्यो कुँजी हो, जसले सिंगो संसार बदल्न सिकाउछ । मार्क्सवादलाई गहिरोसँग आत्मसाथ गर्न सकियो र त्याग र बलिदानी भावका साथ हरेक क्रान्तिकारी योद्धाले आफ्नो जीवन व्यवहारमा उर्तान सक्यो भने सच्चा मार्क्सवादी त्यही हो र परिवर्तन अर्थात् क्रान्तिको कुँजी पनि त्यसैको हातमा रहन्छ ।

**३. नेपालमा मार्क्सवादको विकास :**

२००६ सालमा नेपालमा कम्युनिष्ट पार्टीको स्थापना मार्क्सवाद, लेनिनवादको मार्ग निर्देशक सिद्धान्तको आधारमा भएको हो । त्यसको लक्ष- उदेश्य सामन्ती राजतन्त्रको समूल अन्त्य अर्थात सामन्तवादी राज्यसत्ताको ध्वंस गरी सर्वहारावर्गको अधिनायकत्व सहितको नयाँ जनवादी राज्य सत्ताको स्थपना गरी समाजवाद र साम्यवादमा पुग्नु थियो । १०४ वर्षे जहानियाँ राणा शासन र करिब दुईसय वर्ष भन्दा बढी शासन सत्ता सन्चालन गर्दै आएको सामन्ती राजतन्त्रको उत्पीडन र निरंकुश शासन सत्ताबाट पिल्सदै र विक्षिप्त बन्दै आएका थिए । जनता जहानियाँ राणा शासन र सामन्ती निरंकुश सत्ताबाट मुक्त हुन चाहन्थे । जनताको यहि मनोविज्ञान र भावनालाई मध्य नजर राखी तत्कालिन वाम नेताहरूले २००६ सालमा कम्युनिष्ट पार्टीको स्थापना गरे । मार्क्सवादको आधारभूत सिद्धान्तमा टेकेर स्थापना गरिएको कम्युनिस्ट पार्टी आफ्नो लक्ष्य हासिल गर्न नेपालका गाँउ वस्तीहरूमा सामन्ती उत्पीडनबाट आक्रान्त भएका जनताको बीच विस्तार हुँदै आयो । नेपाली सर्वहारा तथा उत्पीडित वर्गको अग्र दस्ताको रूपमा स्थापित नेपाल कम्युनिष्ट पार्टी सामन्ती राजतन्त्र र निरंकुश पंचायती व्यवस्थाविरुद्ध उस्कै गर्भभित्र भुसको आगो झै नेपालका गाँउवस्तीमा पूर्वदेखि पश्चिमसम्म फैलियो । आफ्नो लक्षित गन्तव्यमा पुग्न यसले मार्क्सवादका आधारभूत सिद्धान्तलाई आत्मसाथ गर्दै अर्थात नेपाली मौलिकतामा सिर्जनात्मक ढंगले प्रयोग गर्दै विभिन्न आरोह अवरोहका बीचबाट मार्क्सवादको व्यवहारिक प्रयोग हुँदै आयो ।

मार्क्सवादी सिद्धान्त, दर्शन र विचारको विकास बकम्फुसे गफ र कोरा कल्पनाको आधारमा होईन अपित ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै ठोस नीति र योजना कार्यन्वयन बाट मात्र संभव हुन्छ भन्ने मार्क्सवादी मान्यता अनुरूप त्यसको व्यवहारिक प्रयोगका ट्रायलहरू नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासमा धेरै पटक भए । २००८ सालको पूर्व माले (झापाली समूह)द्धारा गरिएको वर्गशत्रु सफाय आन्दोलन, निरंकुश पंचायती राज्यसत्ता तथा सामन्ती राजतन्त्र विरुद्धको २०३६/०३७ को आन्दोलन, रामराजा प्रसाद सिंहको नेतृत्वमा भएको २०४२ सालको बमकाण्ड, ०४६/४७को प्रथम जनआन्दोलन, नेकपा माओवादीद्वारा सञ्चालित २०५२-०६२ को दशवर्षे महान जनयुद्ध, ०६२/०६३को दोस्रो जनआन्दोलनहरू सामन्ती राजतन्त्र तथा प्रतिकृयावादी राज्यसत्ताको ध्वंस र सर्वहारा वर्गको नेतृत्वमा नयाँ जनवादी रान्यसत्ता स्थापनाको लागि गरिएका वैधानिक र अवैधानिक संघर्षहरू थिए । यी परन्तु यी संघर्षहरू नेतृत्वको गद्दारी र आत्म समर्पणवादी चरित्रका कारण अन्ततः संझौतामा टुङ्गीन गुग्यो । जसको कारण गन्तव्यको यात्रा पुरा हुन सकेन । यी संघर्षहरूले कतिपय अवस्थामा उपरी संरचनालाई बदल्न र शासन सत्तामा परीवर्तन ल्याउन सफल रहे तर आधार बदल्न अर्थात राज्यसत्ता बद्लेर आमूल परिवर्तन गर्न सकेनन् । फलतः उपरि संरचनामा आएका जति पनि परिवर्तनहरू पुरानै प्रतिकृयावादी राज्यसत्ताका दास बन्न पुगे । जनयुद्ध, जनआन्दोलन र विभिन्न चरणका जनविद्रोहरूबाट प्राप्त जनअधिकारहरू समेत तिनै नेतृत्वहरूबाट क्रमशः अपहरित हुँदै गए । त्यतिमात्र होईन राष्ट्रघात र जनघातका जघन्य अपराधहरू पनि एकपछि अर्को चरणमा हुँदै आए । देश र जनताको स्थिति दिनप्रति दिन जटिल र संकटग्रस्त बन्दै गयो । राष्ट्र पराधिन बन्दै गयो । जनताको जीवनस्तर दयनिय बन्दै गयो । उत्पादक शक्ति वेरोजगारी समस्याले साम्राज्यवादी र विस्तारवादी मुलुकहरूमा श्रम बेच्न वाद्य पारियो । उत्पादनका साधन, श्रोतहरू मुठ्ठीभर सामन्त, दलाल र नोकरशाही पूँजीपति वर्गको हातमा केन्द्रीत हुन पुग्यो । राष्ट्रले क्रान्तिमा फड्को मारेर अग्रगतिमा जानुको सट्टा साधन श्रोतले सम्पन्न हुँदा हुँदै पनि मुलुक पश्चगमन तर्क धकेलिदै गयो ।

कम्युनिष्ट नेतृत्वहरूमा मार्क्सवाद प्रतिको निष्ठा, वर्ग र विचार प्रतिको निष्ठा सर्वहारावादी विश्व दृष्टिकोण प्रतिको निष्ठाको अभाव र आत्म विश्वासको संकटले गर्दा मार्क्सवादको सहि ढंगले सिर्जनात्मक प्रयोग हुन सकेन । क. लेनिन र माओले जसरी मार्क्सवादको धरातलमा टेकेर आफ्नो देशको अनुकुलता र सापेक्षतामा मार्क्सवादको सिर्जनात्मक प्रयोग गरेर क्रान्ति सफल मात्र पार्नु भएन मार्क्सवादलाई दोस्रो र तेस्रो चरणमा विकास गर्नु भयो । त्यतिमात्र होईन मार्क्सवादीलाई नयाँ युगको नयाँ दर्शन र सर्वहारा वर्गको मार्ग र्निदेशन सिद्धान्तको रूपमा पुष्टी समेत गरेर देखाउनु भयो । अहिले मार्क्सवाद केवल मार्क्सवाद मात्र रहेन । त्यो क्रान्तिको विकास सँगै लेनिनवाद हुँदै माओवादको चरण सम्म आई पुगेको छ । सर्वहारा वर्गको मुक्ति सँगै यो श्रृखलालाई अझ माथि उठाएर नयाँ जनवादी र समाजवादी क्रान्ति संपन्न गरी साम्यवादमा पुग्नु सच्चा मार्क्सवादी अर्थात क्रान्तिकारीहरूको प्रमुख दायित्व हो ।

४. नेपालमा क्रान्तिको संभावना : नेपाल अझै पनि अर्ध सामन्ती अर्ध तथा नव औपनिवेशिक अवस्थामा छ । यो साम्राज्यवाद विस्तारवाद विशेषतः भारतीय विस्तारवादको चरम उत्पीडनमा रहदै आएको छ । राष्ट्रियता, जनतन्त्र, जनजीविकाका समस्यहरू दिन प्रति दिन विकराल बनदै गएका छन् । मुलुकको अर्थतन्त्र वैदेशिक ऋण र विप्रेषण (रेमिटान्स)बाट चलेको छ । मुलुकको आन्तरिक श्रोत मुठ्ठीभर सामन्त, दलाल तथा नोकरशाही पूँजीपति वर्गको हातमा केन्द्रीत छ । देशको शासन सत्ता अर्थात राज्यसत्ता तिनै दलाल तथा नोकरशाही पूँजीपति वर्ग सँग छ । सामन्य जनताको अवस्था दयनिय छ । मुलुक महंगी, भ्रष्टचार, कमिशन, कालोवजारी, हत्या हिंसा, बलत्कार, बेरोजगारी, गुण्डागर्दी जस्ता विकृति र विसंगतिले आक्रान्त छ । सत्तासिन वर्ग साम्राज्यवाद र विस्तारवादको दलाली, चाकडी, चाप्लुसीमा लिप्त छ । उसलाई राष्ट्र र जनता प्रति कुनै संवेदना छैन, कुनै उत्तरदायि र जिम्मेवारी बोध छैन । जनतालाई भोट बैंक गराएर सत्ताको लागि बनाएर सत्ताको लागी भऱ्याङ् बनाउनु भन्दा अरु कुनै काम भएको छैन । जनता कहिले भुग्रोमा त कहिले तातो कराहीमा यो वा त्यो रूपबाट डढिरहेको छ । जनताका दुश्मनहरू संसदीय व्यवस्थालाई मागीखाने र ठगीखाने भाँडो बनाएर उनीहरूमाथि ब्रमहालुट गरीराखेका छन् । वेरोजगार युवा पीढिलाई रोजगारी, धन पद र प्रतिष्ठाको झुठ्ठा आस्वासन दिएर कौडीको मूल्यमा युवा शक्तिको दुरूपयोग गरिराखेका छन । जनताकोलागि जुन सरकार आएपनि कौवालाई बेल पाक्दा हर्ष न विस्माद भए झैं भएको छ । देश राष्ट्रघातको पिडाले छटपटाएको छ । मुलुक कहिले सिक्किम अर्थात भुटान बन्ने हो र हामी नेपालीको अस्तीत्व समाप्त हुने हो ? भन्ने पिडाले राष्ट्रप्रेमी जनता चिन्ता ग्रस्त छन । देश र जनताका अगाडि समस्यै समस्याका पहाडहरू तेर्सिएका छन् । हरेक नेपाली जन्मनुपूर्व आफ्नो थाप्लोमा हजारौं ऋणको भारी बोकेर आमाको गर्भबाट

...बाँकी ५ पेजमा

# कृष्णदास : कम्युनिष्ट आदर्शको उदात्त छवि



प्रा.डा. जगदिश चन्द्र भण्डारी

***कृष्णदाससँगको यात्रा कम्युनिस्ट अध्ययन संगठनदेखि माओवादीसम्म :***

कृष्णदास श्रेष्ठ काठमाडौंको निम्नमध्यम वर्गीय परिवारमा जन्मनु भएको हो । वहाँ नेपालको कम्युनिस्ट आन्दोलनका घुम्ती र आरोह अवरोहका साथी त हुँदै हुनुहुन्छ, सँगै मार्क्सवादी दर्शन, राजनीतिक अर्थशास्त्र, समाजवाद, राजनीति र विचारलाई नेपाली समाजमा फैलाउन, विकसित गर्न र समृद्ध पार्न आफ्नो जीवनलाई सम्पूर्णतः लगाउने क्रान्तिकारी नेता, विचारक, चिन्तक एवं मार्क्सवादी भाष्यकार पनि हुनुहुन्छ ।

भारतको अयोध्यामा पढ्न बस्दा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को नजिक पुगी त्यसकै कार्यकर्ता बन्न पुगेको म अध्यापनकै क्रममा नेपाल फर्केपछि तत्कालिन नेकपा(माले) को भातृ संगठन अनेरास्ववियुसँग नजिकिन पुगें । त्यस संगठनको पाँचौ सम्मेलनमा भाग लिँदा नलिँदै तत्कालिन मालेमा आउन थालेको विचार विचलन, दक्षिणपन्थीतातर्फको संक्रमण, नेतृत्वमा देखिँदै गएको व्यक्तिवादिता, संकीर्णता, छद्मभेषी नेतृत्व आदिसँग सतर्क हुँदै त्यसबाट विद्रोह गरी राजतन्त्रविरुद्ध सशस्त्र संघर्ष गर्न नेपाल कम्युनिस्ट अध्ययन संगठन नामक भूमिगत संगठन निर्माण गर्न पुगियो । यसै क्रममा २०३८ सालताका उक्त संगठनलाई कृष्णदासले नेतृत्व गर्नु भएको नेपाल मार्क्सवादी लेनिनवादी पार्टीमा सम्मिलित गरियो । यसपछि वहाँसँगको सहयात्रा अहिलेसम्म अर्थात नेकपा (क्रान्तिकारी माओवादी)सम्म निरन्तर रहेको छ । त्यस समयमा नेपालको कम्युनिस्ट आन्दोलन विभाजित रहेको र विभाजित एउटा कम्युनिस्ट घटकको नेतृत्व कृष्णदासले गर्नु भएको थियो । नेकपा(मालेमा) निर्माणसम्म २०४७ सम्म आइपुग्दा वहाँको नेतृत्व अझ दृढ र प्रभावशाली बन्दै गएको देखिन्छ । तत्कालिन पंचायती व्यवस्थाका विरुद्ध जनसंघर्ष र राजनीतिक आन्दोलनहरूमा कृष्णदास श्रेष्ठको यो उपस्थितिले महत्वपूर्ण एवम् निर्णायक भूमिका खेलेको थियो । संयुक्त संघर्षलाई अगाडि बढाउने कार्यमा सधैं सक्रिय रहनु हुने कृष्णदाससँगको मेरो सहयात्रा नेकपा(माओवादी)सँग एकता हुँदा र त्यसबाट अलगिई नेकपा माओवादी/नेकपा(क्रान्तिकारी माओवादी) सम्म अटुत रूपमा रहेको छ ।

***कृष्णदासका व्यक्तित्वका बहुआयाम :***

कृष्णदास सर्वहारावर्गको प्रतिनिधि पार्टीको नेता हुनुका साथै चिन्तक-विचारक पनि हुनुहुन्छ । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालकै सहयात्री रहनुभएका कृष्णदास अविभाजित कम्युनिस्ट पार्टी काठमाडौंको सेक्रेटरी हुँदै तत्कालिन नेपाल मार्क्सवादी-लेनिनवादी पार्टीको महासचिव, नेकपा(मालेमा) को अध्यक्ष, २०४६ सालमा पंचायत व्यवस्था विरुद्ध बनेको क्रान्तिकारी कम्युनिस्टहरूको मोर्चा संयुक्त राष्ट्रिय जनआन्दोलनका घटक सदस्य तथा २०४७ सालमा वैधानिक संघर्ष एवं आन्दोलनलाई अगाडि बढाउन र संसदीय व्यवस्था, संसदवादको भण्डाफोर गर्न निर्माण गरिएको संयुक्त जनमोर्चाका संस्थापक सदस्य रहनु भएको छ । संयुक्त मोचाहरूको निर्माणमा र त्यसको सैद्धान्तिक व्यवस्थापनमा प्रधान भूमिका खेलेको कुरा यहाँ स्मरणीय छ । पछिल्लो अवधिमा नेकपा(मालेमा) र नेकपा(माओवादी)का बिच एकिकरण भएपछि वहाँ नेकपा(माओवादी) को केन्द्रिय सल्लाहकार परिषदको अध्यक्ष रहनु भई नेपालको कम्युनिस्ट आन्दोलनलाई नेतृत्व दिँदै आउनुभएको छ । मार्क्सवादी, लेनिनवादी र माओवादी दर्शनलाई पचाएर नेपाली भाषामा लेख्ने यस्तो जटिल कार्य गरी कृष्णदासले वर्गसंघर्ष, जनसंघर्ष र आन्दोलनलाई बल पुऱ्याउनु भएको छ । नेपालको कम्युनिस्ट आन्दोलन र क्रान्तिकारी चेतनाको अभिवृद्धि गर्न त्यसलाई दरिलो पार्न र प्रसार गर्न उहाँको व्यक्तित्व र कृतित्वले सम्बलको काम गरेको छ । मार्क्सवाद, लेनिनवाद र माओवादको वैचारिक, सैद्धान्तिक विकास र तिनको प्रभावको मीमांसात्मक निरूपण गर्ने कार्य वहाँबाट भएको पाइन्छ । अध्ययन, अनुभव र निरन्तर वैचारिक साधनको





उपजका रूपमा रहेको ज्ञानजन्य अभिव्यक्तिको उदाहरणका रूपमा उहाँको रचना रहेका छन् ।

विशेषतः मार्क्सवादी दर्शनको निरूपणमा कृष्णदास श्रेष्ठ केन्द्रित रहनु भएको छ । वहाँको मार्क्सवादको उदय, मार्क्सवादका विचारधारात्मक स्रोतहरू, मार्क्सवादका प्रमुख अभिन्न अंगहरू, मार्क्सवादमा मूलभूत कुरो, पेरिस कम्युनका सम्बन्धमा, पुष्पलाल व्यक्तित्व र कृतित्व, भौतिकवादी द्वन्द्ववादको प्रवर्गहरू, बहुदलीय जनवादको क्रान्तिविरोधी सारतत्व, नौलोजनवाद अथवा पुँजीवादी प्रजातन्त्र, नेपाली कम्युनिस्ट आन्दोलनको वर्तमान स्थिति, कार्लमार्क्स र मार्क्सवाद, कार्ल मार्क्स : व्यक्तित्व र कृतित्व ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यका सिद्धान्त, द्वन्द्ववाद र द्वन्दात्मक प्रवर्गहरू, मार्क्सवाद चिनारी पुस्तकमाला, दर्शन शास्त्रको विकास, भौतिकवादी सहित्य चिन्तन र समीक्षा लगायतका मार्क्सवादी सैद्धान्तिक दार्शनिक कृतिले वहाँलाई विचारक-चिन्तकका साथै मार्क्सवादका गम्भीर ज्ञाताको रूपमा स्थापित गरेका छन् । मार्क्सवादी चिन्तनलाई विकसित गर्नेमध्ये एकजना विशिष्ट साधक रहेका कृष्णदास श्रेष्ठको व्यक्तित्वमा बहुआयाम रहेका छन् । वहाँ क्रान्तिकारी नेता, दार्शनिक चिन्तक एवं उत्प्रेरक व्यक्तित्वका रूपमा नेपाली समाजमा र क्रान्तिकारीहरूको पंक्तिमा चिनिनु भएको छ ।

***कृतित्वको सार :***

वहाँ नेपालको कम्युनिस्ट आन्दोलनमा ६ दशक सीक्रयतापूर्वक बिताउनु भएको छ र क्रान्तिकारी मार्क्सवादी दर्शन र चिन्तनका क्षेत्रमा आफ्नै फरक पहिचान बनाउनु भएको छ । विशेष रूपमा मार्क्सवादी दर्शनको व्याख्या, मिमांसा र विवेचनामा उहाँ जति गम्भीर सूक्ष्म र निर्वैयक्तिक अरु कमै देखिन्छन् । खासगरी नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेको दक्षिणपन्थी संशोधनवाद र अवसरवादका विरुद्धको लेखन निकै प्रभाविलो र विचारोत्तेजक रहेको छ । जनवादी अधिनायकत्व र सर्वहारा अधिनायकत्व परित्यागको रूपमा अभिव्यक्त संशोधनवाद एवम् अवसरवादलाई राम्ररी चिनाउने काम कृष्णदासका रचनाले गरेका छन् । सर्वहारावर्गको मुक्ति एवम् गतिका निम्ति गरिने वर्गसंघर्ष र बल प्रयोगको भूमिकालाई नकार्ने र पछिल्लो चरणमा नवमार्क्सवादी हुँदै दक्षिणपन्थी संशोधनवाद, नवसंशोधनवादमा अभिव्यक्त हुँदै गएको राजनीनितक शक्तिलाई समेत बुझ्न उहाँका कृति महत्वपूर्ण सामग्री बन्न गएका छन् । त्यसैगरी उहाँले नेपालको कम्युनिष्ट आन्दोलनमा रहेका पुँजीवादी संशोधनवादी धारका साथै वामपन्थी विचलनवादी प्रवृत्तिका बिच रहेको भेद देखाउनुका साथै तिनीहरूको बिचमा रहेको साम्यतालाई समेत स्पष्ट पार्नु भएको छ । उहाँको राजनीतिक चासो र प्रयत्न मालेमावादी क्रान्तिकारी विचार र सिद्धान्तलाई सिर्जनात्मक तरिकाबाट नेपाली समाजमा लागू गर्ने र सर्वहारावर्गलाई मुक्तिको दिशातर्फ उन्मुख गराउनमा केन्द्रित हुनुमा छ । मार्क्सवादलाई सही प्रयोग गर्ने काम जटिल र गाह्रो रहेको कुरालाई उहाँले यसरी देखाउनु भएको खास गरेर हाम्रो आन्दोलनको वर्तमान स्थितिमा जब त्यसभित्र संशोधनवाद र अवसरवादको जगजगी रहेको छ, संशोधनवादीहरू र वामपन्थी विचलनवादीहरूबाट मार्क्सवादको हुनसम्म मिथ्याकरण र विकृतिकरण भइरहेको छ र जब कम्युनिस्टको नाउँ भिरेर थरिथरिका अवसरवादीहरू र षड्यन्त्रकारीहरू आन्दोलन भाँडनमा र कम्युनिस्टहरूलाई पथभ्रष्ट पार्नमा निकै सक्रिय छन् , यस स्थितिमा मार्क्सवादको सही रूपमा प्रयोग गर्ने काम कदापि सजिलो छैन । (कृष्णदास श्रेष्ठ )

दार्शनिक, वैचारिक र राजनीतिक स्पष्टताको अभावमा कुनै पनि संघर्ष र आन्दोलनले निश्चित दिशा लिन नसक्ने कुरालाई उहाँले आफ्ना रचनामा निरन्तर उठाउनु भएको छ । मार्क्सवादी दर्शनको केस्रा केस्राको ज्ञान र आन्दोलनको अनुभवको आधारमा उहाँको कृति सिर्जिएका छन् । उहाँले मार्क्सवादी दर्शनकै एक शाखाका रूपमा रहेको मार्क्सवादी सौन्दर्यशास्त्रको चिन्तन र व्याख्या पछिल्लो अवधिमा गर्नु भएको छ । उहाँको "भौतिकवादी सौन्दर्य-चिन्तन र केही समीक्षा" कृतिमा मार्क्सवादी दृष्टिको स्थापना र त्यसको प्रयोगमा समेत योगदान पुऱ्याउनु भएको छ । दर्शन, राजनीतिक विचार र सौन्दर्य जस्ता विविध क्षेत्रमा विस्तारित रहेको उहाँको कृतित्वको सार भनेकै मालेमावादी वैचारिक दृष्टिकोणका मानकतामा तिनको सत्यापन गर्नु हो ।

***निष्कर्ष :***

आदर्शको बिम्बात्मक उदाहरण कृष्णदास श्रेष्ठ नेपालको कम्युनिस्ट आन्दोलनका एउटा अगुवा व्यक्तित्व हुन् । सर्वहारा मुक्तिको अभियन्ता हुनु र तिनकै वर्ग हितमा जीवनलाई समर्पित गर्नु उनको जीवनको महत्वपूर्ण पाटो हो । व्यक्तिगत स्वार्थभन्दा पर रहेर सामूहिक स्वार्थका निम्ति सहभागी भई वर्गसंघर्षलाई आत्मसात गर्नु, अगाडि बढाउनु, सैद्धान्तिक, वैचारिक र राजनीतिक रूपमा अविचलित भई कम्युनिस्ट आन्दोलनमा निरन्तर लागि रहनु मात्र नभई कम्युनिस्ट आदर्शका निम्ति जीवनको ६ दशकभन्दा बढी अवधि समर्पित गर्नु नेपालका कम्युनिस्टहरूका निम्ति एउटा विशेष बिम्बात्मक उदाहरण हो । देश र सर्वहारावर्गप्रतिको निष्ठा, सर्वहारा मानवतावादप्रतिको आस्था, वर्गमुक्तिको अविचल विश्वास, साम्राज्यवाद, विस्तारवादप्रति तीव्र टिप्पणीको भावना, वर्ग शत्रुप्रति घृणा एवम् संशोधन, नवसंशोधन तथा वामपन्थी अवसरवादको विरोध जस्ता विशेषता कृष्णदासको जीवनगत दृष्टिकोणका विषय हुन् ।

# जनयुद्धले सिर्जना गरेको तरंग

● क.हेमन्त

यसैबीच राजधानीमा भने फागुनको दोस्रो हप्तासम्म सयौंजना गिरफ्तार र जिल्ला जिल्लाबाट पनि गिरफ्तारका समाचार आइरह्यो । यता माओवादी पार्टीले हजारौं कार्वाहीका कोटाहरू चुक्ता गर्नतिर लागिरह्यो । देउवा दिल्लीबाट फर्किएर सुरक्षासम्बन्धी बैठक बस्यो । ७२ घण्टाभित्र नियन्त्रण गर्छौं भन्दै मन्त्रीमण्डलको बैठक समाप्त भयो । माओवादी गतिविधिबारे तत्काल विभिन्न देशव्यापी र अन्तराष्ट्रिय समाचार पत्र, साहित्यिक पत्र पत्रिका, भित्ते लेखन, हाते पोष्टरिङ्ग, अन्तर्राष्ट्रिय भाइचारा संगठन, प्रवासमा रहेका अखिल नेपाली एकता समाज, लगायतका संघ संस्थाहरू सबैले यो जनयुद्धको ऐकवद्धता जनाउँदै प्रचार प्रसार व्यापक बनाउँदै लगे ।

सिन्धुली पोष्ट पत्रिका निकालेर साइकलमा राखी सिन्धुली जाने बसको चालकलाई जिम्मा लगाई ढुँग्रेबासमा ओराली दिनु होला भनेर कोठातिर आएँ । त्यतिखेर सिन्धुली पोष्टको वर्ष २ अंक २९ औं निस्केको थियो । समाचार बनाउने, कम्पोज गर्ने र फेरि मेसिनबाट छापेपछि साइकलद्वारा गाडीसम्म लैजानु पर्दथ्यो । उक्त पत्रिका निकाल्न त्यहाँको पार्टी संगठनसंग आर्थिक स्थिति बलियो पनि थिएन । तैपनि पत्रिकाले एक संगठनको रूपमा काम गर्न सक्दथ्यो । पार्टीले जनवादी क्रान्तिलाई पूरा गर्ने लक्ष्य लिएको हुँनाले मैले पनि पवित्र भावनाले आफूलेसक्दो सहयोग पत्रिका निकाल्न गरिरहे । पत्रिका पुऱ्याएर कोठामा आइपुग्दा मलाई अनुकुलले एउटा पत्र पठाएका रहेछन् । "अहिलेलाई अर्को अंकदेखि पत्रिका निकाल्न स्थगित गर्नुहोला । अविनाश मकवानपुर आउनु पर्ने किन आउनु भएन उहाँलाई तत्काल पत्रिकासंगै मकवानपुर जान पनि भनिदिनुहोला ।"

मलाई उहाँको कुरामा कन्फ्युज लाग्यो । मैले सिन्धुली जिल्लाको आफूले गरेको यात्रा सम्झन पुगें । २०५२ आश्विन २५ गते रात्री बसमा हामी सिन्धुलीको यात्रा गर्दै थियौं । सिन्धुलीको मेरो यो पहिलो यात्रा थियो । अंग्रेजलाई हराएको जिल्ला सिन्धुलीगढी हेर्ने जिज्ञासा थियो । अब हेर्न पाइने भयो भन्दै मनमनै संझिरहे । उक्त यात्रामा काठमाडौंबाट जाने तात्कालिन संयुक्त जनोर्चा नेपालका अध्यक्ष डा. बाबुराम भट्टराई, अखिल त्रान्तिकारीका गंगा श्रेष्ठ हुनुहुथ्यो । भोलिपल्ट २६ गते संजमोको भण्डाफोर आमसभा सिन्धुली माडीमा राखेको थियो । त्यतिबेला ईमेलबाट पठाउने प्रावधान आइसकेको पनि थिएन । त्यसैले उक्त आमसभाको दृश्य, फोटो र समाचारको सम्प्रेसनको लागि म सिन्धुली जादैं थिएँ ।

हामी बर्दिवासबाट उकालो कच्चि बाटोहुँदै कमला नदी किनार माइस्थानसम्म बसमा गयौं । कमला नदी ठूलै भएकोले बस अघि बढ्न सहज थिएन । त्यतिखेर अहिलेको जस्तो पक्की बाटो पनि थिएन । नदी तर्दै उकालो, तेर्सो बाटो अघि बढ्दै ठाउँ-ठाउँमा नदी तर्दै गयौं । पुनः बीच बाटोमा थुप्रै जंघारहरू तर्नु पथ्यो । काठमाडौंबाट दिउँसो ३:०० बजे छुटेको गाडी सिन्धुल्ली पुग्दा मध्यान्ह १२: ०० बजिसकेको थियो । उहाँहरू एउटा घरमा जानु भयो । मैले एउटा भोजनालयमा खाना खाएर सिन्धुली माडीको आमसभाको कार्यक्रममा सहभागी भएँ । सिन्धुली माडी आमसभा गर्ने स्थानमा चारैतिरखुल्ला चौर रहेछ ।

उत्तरपट्टी काठको पौवा जस्तो रहेछ, त्यसैलाई मञ्च बनाई कार्यक्रम सुरु भयो । हरेक गाउँ घरबाट हजारौंको सहभागितामा कार्यक्रम भब्य सम्पन्न पनि भयो । उक्त आमसभा राजधानीको भन्दा बिसाल र भब्य थियो । प्रतिक्रियावादी राकस सरकारलाई चेतावनीसहित जागरूप वर्ग संघर्ष थालनीको लागि थियो । कार्यक्रम सकेर नजिकका सहभागीहरू बजारतिर र आ-आफ्ना घरतिर लागे । धेरै टाढाबाट आएका सहभागीहरू भने बजारतिरका र वरिपरि घरहरूमा रात बिताए । हामी इन्दिरा रायमाझीको घरमा बस्यौं । इन्दिराजीले हामीहरूलाई स्वागत गरी सबै जनालाई खानपानको राम्रो व्यवस्था गर्नु भएको थियो ।

त्यतिखेर त्यहाँका जवसका साथी र मोर्चाका साथीहरूसँग परिचय गर्ने मौका पनि मिल्यो । वर्गीय ममता आदान प्रदानकासाथ कुराकानी हुँदैमा रात बितेको पत्तै भएन । आज उहाँहरूलाई भेट्न अवस्थामा पनि छैन । कसैलाई राज्यले बेपत्ता पारेको छ, त केही सहिद भै सक्नुभएको छ । उत्तरमा महाभारत दक्षिणमा चुरे पहाड मिलेर बनेको यो जिल्लाको पश्चिममा मकवानपुर, सर्लाही, उत्तरमा काभ्रे, रामेछाप, ओखलढुङ्गा, पूर्वमा उदयपुर, सिराह, दक्षिणमा धनुषा, महोत्तरी जिल्लाहरूले घेरेका रहेछन् । विशाल जंगलै जंगलले भरिएको जिल्ला ग्रामीण वर्ग सघर्षको लागि पनि बातावरण रमणीय रहेछ । महोत्तरीको बर्दिबासबाट चुरे जंगल हुँदैं बीचमा भिमान गाउँ पर्दो रहेछ । त्यस गाउँमानै ऋषि देवकोटा (आजाद) को निवास स्थान रहेछ । उहाँको २०३८ सालमै तत्कालिन पञ्चायती सासकद्वारा हत्या भै सकेको थियो । त्यहाँदेखि माडीसम्म जंगलै जंगलले ढाकेको रहेछ । यो पटक मेरो सिन्धुली गढी हेर्ने धोको पूरा भएन । २९ गते नेपालगञ्जमा संजमोको कार्यक्रम भएकाले बाबुरामजी र गंगाजीले त्यतैबाट यात्रा तय गरिसकेको हुनाले हामी बिहानको खाना खाएर बर्दिबाससम्म संगै आयौं । उहाँहरू बर्दिबासमा उत्रिएर नेपालगञ्जको गाडी चढ्नु भयो । आफू सिन्धुलीको समाचार लिएर काठमाडौं फर्के ।

त्यसैबेला माघ १९ गते सिन्धुलीपोष्टमा एउटा समाचार छापे वापत अदालतमा मानहानीको मुद्दा लाग्यो । बेलुकी रात्री यात्रामा भोलिपल्ट बिहान १० बजे माडी पुगे । त्यत्तिबेला नदी सुकेर गाडी माडीसम्म पुग्थ्यो । म त्यहाँको अधिवक्ता विश्वप्रकाश भण्डारीसंग भेटघाट गरी अदालत अदालत पुगेँ । मैले त्यत्तिबेला छापिएको समाचारको मौखिक बयान दिएँ । त्यत्तिबेलाका सिन्धुली जिल्लाका जिल्ला न्यायधीश खतिवडा थरका हुनुहुथ्यो । उहाँले हामीलाई राम्रै सहयोग पनि गर्नुभयो । अदालतमै प्रमोद गजुरेलजीसंग भेट भयो । मैले सिन्धुलीगढी हेर्न जाने आफ्नो विचार पुन उहाँलाई सुनाएँ । उहाँले भोलिपल्ट बिहान गढी जाने भनेर छुट्टिनु भयो ।

बेलुका खाना विश्व प्रकाशजीकोमा खाइयो र ढुङ्ग्रेबासमा रात बिताइयो । बिहान प्रमोदजी गढी जान भनि झोलामा खाजा बोकेर आउँनु भयो । त्यत्तिखेर दीर्घराज श्रेष्ठजीले मलाई अहिले किन जानु हुन्छ, पछि जाउँला भनेर मलाई नजान अनुरोध गर्नु भयो । मैले पनि आशय बुझिहाले कि अहिले नजानु नै ठीक हुन्छ । म काठमाडौं जाने तरखरमा माडितिर झर्दै थिएँ । बजारमा इन्दिराजीसँग भेट भयो । उहाँले अघिल्लो पटक आउँदा नै गढी जाने कुरा गर्नु भएको थियो । त्यहाँ खाना नखाइ जान पाइँदैन भनेर मलाई खाना खुवाउनु भयो । खाना खाई जिल्ला कारागार उहाँसंगै बलराम तिमील्सिना लगायतका साथीहरूलाई भेट्ने र सिन्धुली जेलको अवलोकन गर्ने मौका पाइयो । त्यत्तिखेरको राज्य सरकारले बलराम तिमिल्सिना र पुष्करजीलाई झुट्टा मुद्दामा सिन्धुली काराागारमा राखेको थियो ।

यसरी मेरो सिन्धुली जिल्लासंग, साप्ताहिक सिन्धुली पोष्टले नै सामिप्यता बनाएको थियो । यस्तो जिल्लामा जनयुद्ध सुरुआत हुँदा त अरु प्रचार प्रसारको लागि पत्रिका नियमित गर्नु पर्ने बेलामा किन बन्द गर्नु परेको होला भनी जिज्ञासा लागिरह्यो । फेरि पत्रिका निकाल्न मलाई शितलकुमारले जिम्मा दिनु भएको थियो । उहाँले केही पनि भन्नुभएको छैन भनी म पनि अंक ३० को तयारी गर्नतिर लागेँ । २०६६ सालमा पुनःऐतिहासिक सिन्धुली गढीमा नै भब्य कार्यक्रम राखिएको थियो । काठमाडौंबाट धेरै साथीहरूको साथ म सिन्धुलीगढी गाडीबाटै पुगेर त्यहाँको ऐतिहासिक स्थल हेर्ने धोको पूरा गरेरै छाडेँ ।

७२ घण्टा त के हप्तौं हुँदासम्म पनि कुनै माओवादी योद्धाहरूको पत्ता लगाउन सरकार असमर्थ भई सर्वसाधारणहरूलाई धडपकड गर्न थाल्यो । फागुन ९ गते अखिल नेपाल जनजाति महासंघका अध्यक्ष सुरेश आलेमगरलाई १३ गते कोठाबाटै खानतालासी गरी सार्वजनिक अपराध ऐन लगाएछ । सोही दिन तत्कालीन संजमोका महासचिव पम्फा भुषालको घरमा दोस्रो पटक छापा मारी खानतलासी लिएछ । संजमोका कोषाध्यक्ष हितमान दाजुको घरमा पनि छापा मारेछ । त्यहाँ मालसामानहरू यत्रतत्र छरपष्ट पारेछ, तर एक जना एसीएम्सम्म पनि मैदानबाट फेला पार्न नसक्नु नै त्यतिखेर माओवादी पार्टीका कार्यकर्ताहरूको फलामे अनुशासन थियो भन्ने प्रमाणित गर्दछ ।

त्यस्तै फागुन १४ गतेका दिन अखिल नेपाल ट्रेड युनियन महासंघको कार्यालयमा छापामारी धनबहादुर मगर, दलबहादुर मगर लगायत १० जना मजदुरहरूलाई गिरफ्तार गरेछ । त्यस्तै अनेरास्ववियू क्रान्तिकारीको कार्यालयमा पनि छापा मारी केशवसिंह ठकुरी, खेमनारायण श्रेष्ठ, वेनोज अधिकारी लगायत दर्जनौं विद्यार्थीहरूलाई गिरफ्तार गरेछ । उनीहरूलाई महाराजगंज स्थित २ नं. प्रहरी गणमा पुऱ्याएछ । काठमाडौंमा गिरफ्तार गरिए पनि शालिकराम भुषाल र युवराज भुषाललाई गृह जिल्ला अर्घाखाची कारागार चलान गरेछ ।

सिन्धुलीबाट कमल दाहाल, ध्रुव देवकोटा लगायत दर्जनौं युवाहरूलाई गिरफ्तार गरेछ । गोरखामा १५०० जति सशस्त्र प्रहरी परिचालन गरी सामान्य किसान, विद्यार्थी, महिला प्याउली कँडेल, करुणा खनाल, विद्या लामिछाने, शिक्षक बद्रि पाण्डे, शंकर पाण्डे, अर्जुन पाण्डे, रामचन्द्र पाण्डे, गोरखा जिल्ला अध्यक्ष संजमोका खोपबहादुर कँडेल, शिव कालाखेती लगायतका घर तोडफोड गरी २० जनालाई गिरफ्तार गरेछ ।

बर्दियाबाट अनेरास्ववियू क्रान्तिकारीका के.स. ज्ञामप्रसाद चालिसेसहित चारजनालाई गिरफ्तार गरेछ । रुकुमबाट ज्ञानेन्द्र बुढाथोकी लगायत बिसौं जना गिरफ्तारीमा परेछन् । त्यस्तै कास्कीबाट बलराम पौडेल लगायत दर्जनौं गिरफ्तारमा लिएछ । दाङमा भरत दाहालको घरमा छापामारी भानु शर्मालगायत दर्जनौं गिरफ्तार गरेको रहेछ ।

त्यस्तै उदयपुर, भोजपुर, मोरङ्ग, धनुषा, कैलाली, नेपालगञ्ज, बागलुङ्ग, गुल्मी, स्याङ्गजा लगायत अरु दर्जनौं जिल्लाहरूमा पनि धडपकड राकस सरकारले गर्न थाल्यो । यसरी धडपकड ब्यापक बनाउन थालेपछि अन्य कम्युनिष्ट पार्टीहरूका कार्यकर्ता पनि पर्न लागे भनेर आधिकारिक वक्तव्यहरू पनि आउन थाल्यो ।

मोहन विक्रम सिंह महामन्त्री नेकपा मसालले फागुन १२ गते बल्ल मुख खोले । नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र सरकार पक्ष दुवैलाई आलोचना गर्दै वक्तव्य निकाल्यो । "आज गठवन्धन सरकारद्वारा देशको राष्ट्रियता जनताको सिमित मौलिक अधिकार तथा देशमा पुनरुत्थानवादीहरूको बढ्दो खतराको पृष्ठ भूमिमा व्यापक जनसंघर्षको आवश्यकता रहेको र यसै सिलसिलामा हाम्रो पार्टीले पनि यो प्रष्ट पार्न चाहन्छ कि रोल्पा र देशका अन्य भागहरूमा घटेको घटनाहरू मूलतः सरकारले अपनाउँदै आएको गलत नीति र दमनका अभिव्यक्तिहरू हुन् र त्यसका लागि प्रतिक्रियावादी व्यवस्था र सरकारका गलत नीतिविरुद्ध जनताले चलाउने संघर्षलाई हाम्रो पार्टीले सधै समर्थन गर्दै आएको छ र अहिले पनि गर्दछ । सशस्त्र संघर्ष गर्नका लागि त्यससंग आवश्यक परिस्थिति परिपक्क नभइसकेको तत्काल जनसंघर्ष नै सघर्षको प्रधान पक्ष भएकोले हाम्रो पार्टीको छैटौं महाधिवेशनको निर्णय छ । त्यो नीतिलाई हाम्रो पार्टीले तत्कालको लागि सही पनि मान्दछ । त्यो अवस्थामा सशस्त्र सघर्षको दिशामा दुवै पक्षद्वारा उठाइने कदम उग्रवामपन्थी गल्ती नै हुनेछ र त्यसैले जस्तो कि सबै उग्रवामपन्थी गल्तीहरूकाको जस्तै परिणाम हुन्छ । जनआन्दोलन र क्रान्तिलाई होइन प्रतिक्रान्तिलाई नै मद्दत पुऱ्याउने छ ।"

कार्यवाहक महासचिव नेकपा एमालेका वामदेव गौतम "विद्यमान परिस्थितिका सम्भव र वैधानिक उपाय छँदाछँदै तिनलाई तिरस्कार गरेर अवलम्वन गरिने अवैधानिक र असम्भव उपायहरूले रोमान्टिक सोचलाई उत्साहित गरे पनि तिनले जनता, राष्ट्र र क्रान्तिलाई उग्रगति प्रदान गर्दैनन् । यो कार्यप्रति हाम्रो पार्टीको असहमति छ ।"

लिलामणि पोखरेल (संजमो निरञ्जन गोविन्द बैद्य) : "सरकार र माओवादी दुवै दोषी छन् अहिले यतिमात्र भन्छु ।"

यसैबीच अन्तर्राष्ट्रिय क्रान्तिकारी आन्दोलनले "द वर्ल्ड टु विन" र "द वर्कर्स" ले "२१ औं सताब्दीमा हिमालयको देश नेपालमा जनयुद्धको सुरुआत" भन्दै सचित्र समाचार प्रकाशित गरी विश्वसामु नेपाल कम्युनिष्ट पार्टी माओवादी जनयुद्धको प्रचार प्रसारमा सहयोग पुऱ्याउँदै लग्यो ।

# नेकपाको पार्टी एकता कार्यदल बिघटन : संकटको भूमरीमा सत्ताधारी दल



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को सचिवालय बैठकले पार्टी एकताका लागि गठन गरिएको कार्यदल बिघटन गरेपछि त्यहाँभित्र अन्यौलता छाएको छ । यो अन्यौलता चिर्नलाई एकता कार्यदल बिघटनको विपक्षमा रहेका नेताहरू छुट्टै प्रतिवेदन तयार गरी शीर्ष नेतृत्वलाई बुझाउने तयारीमा लागि परेका छन् ।

नेकपाको शुक्रवार बसेको सचिवालय बैठकले पार्टी एकता कार्यदलको म्याद थप नगर्ने र बाँकी काम अब सचिवालयले गर्ने गरी निर्णय गरेको छ । यो निर्णयपछि पार्टीभित्र अन्यौलता पनि छाएको छ । पार्टी अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी ओलीको प्रस्तावमा सचिवालय वैठकले कार्यदलको म्याद थप नगर्ने निर्णय गरेको थियो ।

कार्यदल बिघटनको निर्णयका विरुद्धमा उत्रिएका नेताहरूका बीच निरन्तर छलफल भइरहेकाले छुट्टै प्रतिवेदन तयार हुँदै गरेको पनि स्रोतहरूले बताइरहेका छन् । कार्यदल अध्यक्ष ओलीको विशेष प्रस्तावमा बिघटन भएपछि सचिवालयका अन्य नेताहरू माधवकुमार नेपाल, झलनाथ खनाल, वामदेव गौतम, नारायणकाजी श्रेष्ठलगायतले म्याद थप्नुपर्ने प्रस्ताव बैठकमै राखेका थिए । कार्यदललाई साथ दिने अन्य नेताहरूमा सुरेन्द्र पाण्डे, वर्षमान पुन, योगेश भट्टराई, लेखराज भट्ट र बेदुराम भुसाल पनि रहेको बताइएको छ ।

तर बिघटनको पक्षमा रहेका ओली, ईश्वर पोखरेल, रामबहादुर थापा, महासचिव विष्णु पौडेल भने टसको मस नहुने अडानमा देखा परेका छन् । वादेवादे जायते तत्वबोध भने झैं बुझ्दै जाँदा अर्का अध्यक्ष पुष्पकमल दाहालले पनि म्याद थप्नुपर्ने पक्षमा झिनो स्वर थपेका थिए । अध्यक्ष दाहाल ओलीसमक्ष बोल्ड निर्णय लिन र कुरा राख्न सक्दैनन् ।

वैठकमा सचिवालय सदस्यहरूको सबैको प्रश्न कार्यदलका संयोजकसमेत रहेका सचिवालय सदस्य थापा र महासचिव पौडेलमाथि परेपछि उनीहरू दुवैले एकताको जिम्मेवारी पूरा गर्न नसकिने बताएका थिए । त्यसपछि छाएको सन्नाटामा सबैले मुखामुख गरेका थिए । उनीहरूले एकताका लागि निर्माण गरिएको कार्यदल बिघटन हुनु दुर्भाग्य रहेको भन्नु भन्दा अरु केही पनि बोल्न सकेका थिएनन् ।

## सपनामा बग्ने प्रम ओलीले भने– 'गायक भावनामा बग्छन्'



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले पशुपति शर्माको गीत हटाउन सरकारको केही पनि शक्ति प्रयोग गर्नु नपरेको दाबी गरेर आफ्ना कार्यकर्ताहरूलाई हौस्याएका छन् । गायकहरू भावनामा बग्ने भएकाले उनीहरूको गीतको कुनै अर्थ नहुने पनि दाबी गरे ।

बुधवार सुदूरपश्चिम प्रदेशसभालाई सम्बोधन गर्ने क्रममा प्रम ओलीले जनताले नै मन नपराइदिएपछि गायक आफैंले गीत युट्युवबाट हटाएको दाबी गरेका थिए । उनले प्रम केपी शर्मा ओलीको दुईतिहाईको सरकार मन पराएको तर पशुति शर्माको गीत मन नपराएको जिकिर गर्दा उनकै कार्यकर्तामाझ हाँसोको फोहरा छुटेको थियो ।

त्यसपछि ओलीले आफ्नै कार्यकर्तालाई व्यंग्य गर्न पनि पछि परेनन् । उनले आफ्नै कार्यकर्तालाई नचाहिने कुरामा रमाउने, उत्ताउलो हुने र त्यस्ता गीतहरूलाई प्रोत्साहित गर्ने गरेको पनि बताए । गाली पाएका कार्यकर्तालाई फेरि सन्त्वना दिंदै ओलीले भने कसैले भुलचुकमा गीत बनायो रे ! लुट, लुट, गरेर केही काम लाग्छ र ?

तर यथार्थतालाई स्वीकार गर्दै प्रमओलीले नढाटेर थपे- 'संसदमा कांग्रेस सांसद अमरेशकुमार सिंहले २५ हजार पुरस्कार दिने भन्ने अर्को एउटा सांसदले पनि ३५ हजार दिन्छु भने आलीले आफ्नो मनोविक्षिप्तता पोखे । धनगढीमा पूर्व एमाले र पूर्व एमाओवादीका कार्यककर्ताहरू एक बनाउन त्यहाँ पुगेका ओली र प्रचण्डका लागि पशुपति शर्माको लुट कान्छा लूट भन्ने गीत नै भाषणको पहिलो एजेण्डा बनेको थियो । नेकपाका अध्यक्षद्वयको लयमा आफ्ना कार्यकर्ताहरूलाई लुटेर खान सिकाउने गीतलाई महान गीत र वर्तमान नेपाली राजनीति सुहाउँदो भनेर प्रशंसा गरिदिएको भए बेस हुने भनाइ रहेको प्रष्ट बुझिन्थ्यो ।

सपनामा बगेर आफै चापट भएका प्रम ओलीले गायकहरू भावनामा बगेर आफूहरूलाई अप्ठेरो पारेको गुनासो समेत गर्न भ्याएका थिए । ओलीले गायकले भावनामा बगेर गीत लेखे, युट्युबमा हाले, सबैले राम्रो गरेनौ भाइ भनेपछि हटाए कुरो सकियो भने । उनको आशय थियो ओली आफू पनि सपनामा बगे, एकता गरौं भने, माओवादी केन्द्रसँग एकता गरे विदेशीले राम्रो गरेनौ भाइ भने, एकता हुन सकेन कुरो सयिो भन्ने आशय व्यक्त गरेका थिए ।

## चितवन बालकुमारी कलेजमा अखिल क्रान्तिकारी

काठमाडौं । चितवन बालकुमारी कलेजमा भएको इकाइ भेलाले एक सशक्त नेतृत्वसहितको इकाइ कमिटी निर्माण गरेको छ । कमिटी मिलन सुनारको अध्यक्षतामा निर्माण भएको हो । उक्त कमिटीका अन्य पदाधिकारीहरूमा उपाध्यक्ष मनुकुमार घले, सचिव सुदर्शन तिमिल्सिना, सहसचिव प्रवीण ढकाल र कोषध्यक्ष सन्ध्या ठाकुर रहेका छन् । त्यसै गरी सदस्यहरूमा राजकुमा गुरुङ, प्रतिक कँडेल, समीक्षा ठकुरी, राजकुमार गुरुङ, भूपेन्द्र ठाकुर, समीक्षा न्यौपाने, विमल मगर, अभिषेक पौडेल, प्रकाश पाण्डे, किरण बराल, ज्यृाति गुरुङ, शिशिर थापा र रबिना घिमिरे रहेका छन् ।

अखिल क्रान्तिकारीको राष्ट्रिय सम्मेलन सिरहाका गोल बजारमा सम्पन्न भइसकेपछि देशव्यापी रूपमा संगठन निर्माण तथा सुदृढीकरणका क्रममा चितवन जिल्लामा जिल्लाव्यापी अखिल क्रान्तिकारी इकाइ तथा अन्य कमिटी निर्माणहरूका क्रममा बाल कुमारी कलेजमा एकाई कमिटी निर्माण भएको हो । देशव्यापी युवाहरू व्युझने र व्युँझाउने क्रममा चितवनमा भइरहेको उत्साहप्रद विद्यार्थी संगठन विस्तार देशभरका लागि प्रेरणा बन्न गएको छ ।

उक्त कार्यक्रममा प्रमुख अतिथि विद्यार्थी फ्यासन इञ्चार्ज अमृत चपाई, विशेष अतिथिहरूमा अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य दीपक पोखरेल, क्रान्तिकारी विद्यार्थी चितवन जिल्ला अध्यक्ष कृष्ण सुनार र सप्तगण्डकी कलेज इकाई अध्यक्ष सन्तोष मिश्र रहेका थिए ।

# टीकापुरमा जनसभा सम्पन्न

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको पश्चिम नेपालमा मेचीमहाकाली जनजागरण अभियान लिएर गएको टोलीले टीकापुरमा जनसभा भव्य रूपमा सम्पन्न गरेको बताएको छ । जनसभामा उपस्थित जनताको सहभागिता यहाँ निकै उत्साहजनक रहेको पनि बताएको छ ।

प्रदेश नम्बर ७ को अन्तिम जनसभाको रूपमा रहेको यो सभालाई देशभक्त जनगणतान्त्रिक मोचा नेपाल केन्द्रीय सचिव परि थापाले सम्बोधन गरेको बताइएको छ । सम्बोधनमा थापाले देश र जनताका लागि आफूहरू अहोरात्र खटिरहेको र जनताले पनि आफूहरूलाई माया ममता र साथ दिइरहेको बताउँदै अब जनता र जनताका लागि लड्ने पार्टीका बीचमा नजिकको सम्बन्ध बन्दै गएको कुरामाथि प्रकाश पारेका थिए ।

अर्का वक्ता चन्द्रहरि सुवेदी अटलले ७ नम्बर प्रदेशका जनाको घरदैलोमा अभियान लिएर जाँदा र त्यहाँका जनतासँग साक्षात्कार गर्न पाउँदा देशको यथार्थता जनताले थाह पाएको र जनताको साथ र समर्थन पार्टीले पाएको बताएका थिए । अखिल क्रान्तिकारीका केन्द्रीय सचिव रामबहादुर महराले युवा विद्यार्थीहरूले नेपालको वर्तमान जटिल अवस्थामा आफूहरूलाई अग्रमोर्चामा राखेर अघि बढ्न अपिल गर्दै विद्यार्थी तथा युवाहरूलाई जनताले साथ दिनुपर्ने कुरामा जोड दिएका थिए ।

त्यसै गरी अर्का वक्ता विष्णु दमाईले देश र जनताले वास्तविक परिवर्तनको अनुभूति गर्न नपाएकाले फेरि एकपटक अर्को आन्दोलनको अपरिहार्यता रहेको कुरामा जोड दिएका थिए । वक्ता गोविन्द अधिकारीले वाम नामको सरकारले कम्युनिष्टहरूको उल्टो बदनाम गरिरहेको सन्दर्भमा भ्रम चिरेर जनताका बीचमा जानु जरुरी रहेको कुरामाथि प्रकाश पारेका थिए । जनसभा सम्बोधन कार्यक्रमको सञ्चालन रामबहादुर केसीले गरेका थिए ।

## ललितपुरमा डबल नेकपा परित्याग गरी दर्जनौं क्रान्तिकारी माओवादीमा प्रवेश

● कुमार भट्टराई

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को संयुक्त मोर्चा देजमोको ललितपुर जिल्ला महालक्ष्मी नगर कमिटीको प्रथम भेला शनिबार सम्पन्न भएको छ । ललितपुरको लुभुमा जनसमुदायसमेतको उपस्थितिमा भेला सम्पन्न भएको हो ।

भेलाले विष्णु रेग्मीलाई अध्यक्षमा निर्वाचित गर्दै २ सदस्य पछि थप्ने गरी १७ सदस्यीय देजमोको महालक्ष्मी नगर कमिटि निर्वाचित गरेको छ ।

अध्यक्षता तथा सञ्चालन विष्णु रेग्मी गरेको भेलामा नेकपा (क्रान्तिकारी माओवादी) ललितपुरका सेक्रेटरी दिपकको प्रमुख आतिथ्यता रहेको थियो भने पार्टीका जिल्ला सचिवालय सदस्यहरू प्रसिद्ध, वर्षालगायत जिल्ला सदस्यहरू कुमार शैलुङ्ग, मैतेलगायतले आ-आफ्नो मन्तव्य राखेका थिए ।

यसैबीच, देजमोको प्रथम नगर भेलामा डबल नेकपा पार्टी परित्याग गरी राजाराम श्रेष्ठको नेतृत्वमा विनोद राजथला, सुमित राजथला, सुरेश सापकोटा, दिलकुमार राजथला, दिलकुमार पाखि्रन, बादल तामाङ, खेमबहादुर तामाङ, माइला तामाङ, गोकुल प्रसाद गौतम, अजित तामाङलगायत क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् । नवप्रवेशीहरूलाई जिल्ला सेक्रेटरी दिपक लगायत अन्य अतिथिहरूले रातो टीकासहित लगाएर पार्टीमा स्वागत गरेका थिए ।

## बर्दियाको राजापुरमा भव्य जनसभा

काठमाडौं। बर्दियाको राजापुरमा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको जनसभा भव्य रूपमा सम्पन्न भएको खबर प्राप्त भएको छ । यो जनसभासँगै मेचीमहाकाली जनजागरण अभियानको टिम प्रदेश नम्बर ७ बाट प्रदेश नम्बर ५ मा प्रवेश गरेको छ । टीका अबीर तथा स्वागतसँगै प्रदेश नं. ५ मा प्रवेश गरेलगत्तै उपस्थित सबैको जनसभामा परिणत भएको थियो ।

जनसभालाई संबोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रीय सचिव परि थापाले प्रदेश नम्बर ७ का उत्साहजनक अनुभवहरूसँगै प्रदेशनम्बर ५ मा प्रवेश गर्ने अवसर मिलेको बताएका थिए । थापाले देश बचाउन अब जनता उठिबस्नुपर्ने कुरामाथि प्रकाश पार्दै आफूहरू अबको परिवर्तनको अगुवाई गर्न तयार रहेको कुरामा जोड दिएका थिए । अर्का वक्ता तथा नेकपा क्रान्तिकारी माओवादी पोलिटव्युरो सदस्य प्रेम सुवेदीले वर्तमान दलाल व्यवस्थाको अन्त्य नगरेसम्म देश र जनताले वास्तविक जनपक्षीय शासन प्रणाली पाउन नसक्ने भन्दै आफूहरू अबको आमूल परिवर्तनको नेतृत्व गर्न तयार रहेको बताएका थिए । बर्दिया जिल्लाका जिल्ला सेक्रेटरी क. भूकम्पले टीका लगायर स्वागत गरे लगत्तै निकै उत्साहका साथ उपस्थितहरूको जमघट कोणसभामा परिणत भएको थियो । उक्त कोणसभाको सन्चालन नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय समिति सदस्य तथा दाङरोल्पा जिल्लाका इञ्चार्ज हिरामणि दुखीले गरेका थिए ।

## धरान बजारको भानु चोकमा जनसभा सम्पन्न

सुनसरी । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको मेचीमहाकाली अभियान सुनसरीको धरान बजारमा पुग्दा यसले निकै रौनकता ल्याएको थियो । स्थानीय जनताको बाक्लो जमघट केी क्षणपछि कोणसभामा परिणत भएको थियो । सभामा उपस्थित जनतालाई देजमो नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले सम्बोधन गर्दै कम्युनिष्टको नाममा स्थापना भएको केपी ओलीको दुईतिहाई बहुमतको सरकारले देशलाई अन्यौलता, दिग्भ्रम र अन्धकारतिर धकेलिरहेको बताए । उनले यसैको संकेत र प्रमाणहरू फेला पारेपछि आफूहरूले देशव्यापी मेचीमहाकाली जनजागरण अभियान सञ्चालन गरेको कुरा खुलस्त गरे ।

देशमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरू निकै संगीन र कठीन हुँदै जानु, दलालहरू तथा माफियाहरूको बिगबिगी हुँदै जानु, बिचौलियाहरूको मारमा जनता पर्दै जानु, महंगीले आकाश छुनु तथा दुईतिहाईको सरकार कहाँ छ भनी बत्ती बालेर खोज्नु आश्चर्यजनक अवस्थाका कारण देशको समग्र स्थिति भयावह बन्दै गएको नेता गजुरेलले बताए । उनले मेचीमहाकाली राष्टिय जनजागरण अभियानले यसै कुरालाई संन्देशका रूपमा जनताका माझमा दिन खोजेको बताए ।

विगतमा लादिएका निरंकुश शासनहरूका विरुद्ध जनताले आन्दोलन गरेका, रगतको खोलो बगाएका तर तिनै पार्टीहरूले धोखा दिएका कारण आजको स्थिति पैदा भएको भन्दै अब यसलाई जनताका पक्षमा टुंगोमा पुर्याउनु पर्ने कुरामा जोड दिए । उनका अनुसार ओली सरकारले लगाएको तुवाँलो चिर्नै पर्छ र भ्रमबाट अघि बढ्नै पर्छ ।

जानकारी अनुसार उक्त कोणसभामा नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य तथा प्रदेश नम्बर १ का इञ्चार्ज हरिभक्त कर्डेल प्रतिक, पोलिटव्यूरो सदस्य, पार्टी तथा देजमोका केन्द्रीय सदस्यहरू तथा विभिन्न जनवर्गीय संगठनका जिम्मेवार नेताहरूको उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी माओवादी मकवानपुरको सेक्रेटरीमा कमरेड पारस

मकवानपुर । नेकपा (क्रान्तिकारी माओवादी) मकवानपुरको जिल्ला भेलाले पारस नेपालीलाई पार्टीको जिल्ला सेक्रेटरीम निर्वाचित गरेको छ । मकवानपुरको हेटौंडा बजार स्थित दर्शन पार्टी प्यालेसमा सम्पन्न भेलाले २३ सदस्यीय जिल्ला कमिटि निर्वाचित गरेको छ ।

निर्वाचित कमिटीको पहिलो बैठकले सेक्रेटरीमा नेपालीलाई चनय गरेको हो । यसअघि मकवानपुरको सेक्रेटरीमा सागर उप्रेती रहेका थिए ।

बैठकले सात सदस्यीय सचिवालय समेत गठन गरेको छ । पार्टीका पीविएम तथा ३ नं. सचिव दिनेश शर्माको प्रमुख उपस्थितिमा भेला सम्पन्न भएको थियो । भेलामा पार्टीका केस तथा मकवान इन्चार्ज फुर्वालगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

# ट्रम्प र किम वार्ता हनोइमा पक्का

# किम हनोइतर्फ प्रस्थान



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग दोस्रो शिखर वार्ताका लागि उत्तर कोरियाली नेता किम जोङ उन रेल चढेर भियतनामतर्फ लागेका छन् । नेता किम हरियो रेल चढेर हनोई प्रस्थान गरेका हुन् ।

किमसँगै उनकी बहिनी किम यो जोङ, विदेश मन्त्री री योङ हो र आणविकसम्बन्धी बरिष्ठ अधिकारी किम योङ चोल पनि रेल चढेर हनोइ सोभिएका छन् । उनीहरूलाई हनोइ पुग्न ६० घन्टाको रेल यात्रा गर्नुपर्ने छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किमका बीचमा हनोई वार्ता हुने पक्कापक्की भएको छ । यो बैठकका बारेमा बोल्दै ट्रम्पले आफू आशावादी रहेको बताएका छन् । उनले भनेका छन् कि आगामी हप्ता भियतनामको हनोइमा हुने शिखर बैठकप्रति म निकै आशावादी छु र मलाई लाग्छ त्यो फलदायी हुनेछ ।

ट्रम्प आफैले किमसँगको वार्ता लम्ब्याउन चाहिरहेका छन् । उनले यो वार्ता अन्तिम नबनोस् भनेर ट्वीटर अकाउन्टमा यसको अर्थ आगामी बैठक नै अन्तिम नहुने इच्छा पनि व्यक्त गरेका छन् । भन्न त ट्रम्पले दुई देशबीचमा हुने यो भेटघाटले सम्बन्ध निकै दह्रो बनाउने छ भनेका पनि छन्, तर उनले उत्तरकोरियासँगको सम्बन्ध बढी रणनीतिक बनाउने दाउँपेचमामा नै छलफल बढाउन चाहिरहेका छन् । यसका बारेमा दक्षिण कोरियाले आशंकाको दृष्टिले हेरिरहेको छ ।

ट्रम्पको आशावादी कुरा आएपछि उत्तर कोरियाली नेता पनि उत्साहित भएर हनोईतर्फको भ्रमणको तयारीमा रहेका छन् । उनी चीनहुँदै रेल यात्राबाट हनोई जाने पनि बताइएको छ । तर उनको औपचारिक यात्राका कार्यक्रमहरू भने गोप्य नै राखिएका छन् ।

भियतनामको राजधानी सहर हनोईमा अगामी हप्ता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता उनबीच हुन गइरहेको दोस्रो शिखर सम्मेलनको आतिथ्य भियतनाम आफेले गर्न लागेको छ ।

## चीनमा पूर्व सेनापतिलाई जेल हालियो



काठमाडौं । भ्रष्टाचारप्रति शुन्य सहनशीलता अपनाउँदे आएको चीनले आफ्ना पूर्वप्रधान सेनापतिलाई आजीवन काराबासको सजाय दिने भएको छ । पूर्व सेनापति फाङ फेङघुईमाथि चलिरहेको अनियमिमताको छानबिन टुंगो लागेर अनियमितता गरेको ठहरभएपछि उक्त फैसला भएको हो ।

चीनले देशभर भ्रष्टाचारविरुद्धको अभियान चलाइरहेको छ । यो अभियानको क्रममा राष्ट्रपति सि जिन फिङले फाङ फेङघुईलाई नै पदच्यूत गर्नुपरेको थियो । पदच्युतपछि छानबिनको पर्खाइमा रहेका फेङघुई कारवाहीको भगिदार बन्न पुगेका छन् ।

चिनियाँ सरकारी सेनाको सर्वोच्च पदमा सन् २०१२ मा पुगेका फाङ फेङघुईमाथि अनियमितताको आशंकामा पदमुक्त गराई छानबिन थालिएको थियो । उनी २०१७ को अगष्टमा जिम्मेबारीमुक्त भएका थिए । सैन्य अदालतले नै उनलाई दोषी ठहर गरेपछि उनी अब आजीवन जेल सजाय भोग्दै छन् ।

चीनमा भ्रष्टाचार विरोधी अभियान लामो समयदेखि चल्दै र चलाउँदै ल्याइएको छ । विश्वको अति महाशक्तिको दौडमा रहेको चीनमा अहिले भ्रष्टाचार एक महामारीको रूपमा फेलिएको छ । यो चीनको गति र प्रगतिमा एउटा ठूलो समस्या बनेको आएको छ । भ्रष्टाचारमा हजारौं सरकारी उच्च अधिकारीहरू कारबाहीमा पर्दै आएका छन् र अरु हजारौंमाथि कारवाहीका लागि उजुरीहरू परिरहेका छन् । छानबिन र फैसलाको बाटो कुरेर बसेकाहरू पनि हजारौंको संख्यामा रहेका छन् ।

## नेपालमा...

धर्तिमा खस्छ । उ बाँचुनजेल त्यसबाट मुक्त हुन सक्दैन, मर्नेवेलामा त्यो भारी आफ्नो सन्तानलाई बोकाएर मर्छ । यस्तो छ देशको हालत । जनतामा राज्य प्रति सरकार प्रतिको आक्रोस चुलिँदै गएको छ । देशले आमुल परिवर्तन चाहेको छ । सिंगो राज्यसत्ता र व्यवस्थामा आमूल परिवर्तन नभैकन न त जनताले मुक्त पाउछ । न त राष्ट्रले अर्थात देशले । त्यसको लागि एउटा शसक्त जनविद्रोहको खाँचो छ यहाँ । मालेमावादी सिद्धान्तको आधारमा जनविद्रोहको माध्यमबाट नयाँ जनवादी क्रान्तिको कार्यभार पुरा नगरी उत्पीडित वर्गको मुक्ति सम्भव नै छैन । त्यसको नेतृत्व क्रान्तिकारी पार्टीले गर्नु पर्छ ।

नेपालमा क्रान्ति संभव मात्र हैन अपरीहार्य बन्न गएको छ । यद्यपी अहिले वस्तुगत अवस्था अनुकुल हुँदा हुँदै पनि आत्मगत अवस्था प्रतिकुल भएकोले त्यो कोर्ष पुरागर्न अवस्य पनि केही समय कुर्नु परेको छ । हामीले विचार सिद्धान्तमा गल्ती गरेनौं र विगतका गल्ती गरेनैं र विगतका गल्ती दोहोराएनैं । अर्थात इतिहास प्रति गद्धारी गरेनौं भने नेपाली क्रान्तिले अव्सयपनि मार्क्सवाद-लेनिनवाद-माओवादमा अर्को आयाम थप्ने छ, त्यो संभावना प्रवल बन्दै गएको छ । वर्गीय मुक्तिआन्दोलन र राष्ट्रिय मुक्ति आन्दोलनलाई सँगसँगै जोडेर लैजानु आजको अपरिहार्य आवश्यकता हो ।


५. नेपाली क्रान्तिको चुनौति : हामीले नेपाली क्रान्तिको वारेमा जति सहज ढंगले सोचेका छौं, त्यति सजिलो छैन । विगतका कैयौं घटनाक्रमले के कुरा पुष्टी गर्दै आएको छ भने सर्वहारा वर्गले जीवन मरणको लडाई गर्दै आउदा पनि लक्षित गन्तव्यमा पुग्न सकेको छैन । विजयको सन्निकट पुगेका पेरु र नेपालका जनयुद्धले सेडव्याक खाँदा, रुस चिनमा क्रान्ति पछि प्रतिक्रान्ति हुँदा सिंगो सर्वहारा वर्गमा नकरात्मक असरमात्र परेन क्रान्तिलाई नै ठूलो क्षेति हुन पुग्यो । कम्युनिस्ट आन्दोलन भित्रको सबभन्दा ठूलो चुनौति भनेको दक्षिण पंथी संसोधनवाद हो । जब प्रतिकृयावादी वर्ग अर्थात अवसवाद विभिन्न कलेवरमा क्रान्ति भित्र प्रवेश गर्छ र प्रभुत्व जमाउन थाल्छ तव क्रान्तिले धोका खाने निश्चित हुन्छ । प्रतिकृयावाद आफैमा चुनौति हो नै । त्यो सँगको लडाई निर्णयक बन्ने कुरा सर्वमान्य छदैछ । त्यो सजिलो पनि छ । तर कम्युनिष्ट आवरणमा देखापरेको दक्षिणपंथी संसोनवाद हरियो घाँस भित्रको विषालु सर्प नै हो । देख्दा घाँस जस्तो हरियो देखिने तर निरन्तर डसी रहने, भयानक दुश्मन । यसका विरुद्धको संघर्षलाई जबसम्म क्रान्तिकारीहरूले निर्मूल पार्न सक्तैनन तव सम्म कम्युनिष्ट आन्दोलनलाई यसले डसी रहने छ । यसले केवल डस्नेमात्र नभै प्रतिकृयावादी वर्गकै ग्राइण्ड डिजाईनमा सिंगो कम्युनिष्ट आन्दोलनलाई नै समाप्त पार्ने हुन्छ । वास्तवमा यो साम्राज्यवादको एजेण्टको रूपमा आफ्नो भूमिका निर्वाह गर्छ र गर्दै आएको छ ।

भनिन्छ नेपालमा अहिले कम्युनिष्ट नामको सरकार छ । वास्तवमा यो कम्युनिष्ट सरकार होईन । मालेमावादी कोणबाट हेर्दा यो कुनै हालतमा न त कम्युनिष्ट हो न त वमपंथी नै । यो सामन्त, दलाल तथा नोकरशाहको हिजडा सरकार हो । यसले कम्युनिष्टको नाममा जनतामा काफी भ्रम छर्न सफल भएको छ । यसको भण्डाफोर नगरी अर्थात भ्रमका पर्दा नच्याति कम्युनिष्ट आन्दोलन अगाडि बढ्न सक्दैन । यो नेपाली क्रान्तिको अभिसाप हो । डबल नेकपा र त्यसको सेरोफेरोमा जतिपनि संसोधनवादी नव संसोधनवादी गुट उपगुटहरू कम्युनिष्ट नकाव भिरेर आईरहेका छन् । यसबाट सच्चा क्रान्तिकारीहरू होसियार बन्नै पर्छ । यसलाई परास्त नगरी क्रान्ति सफल पार्न सकिन्न । परास्त गर्ने एक मात्र विधि सच्चा क्रान्तिकारीहरू विचको ध्रुवीकरण र एकता साथै त्यसबाट पैदा हुने भौतिक तागत र त्यसले क्रान्तिमा खेल्ने भूमिका नै हो । त्यसको चुनौतिहरू सहायक नै हुन । चुनौतिसँग लड्ने सबभन्दा बलियो हतियार भनेको विचारको हतियार नै हो । त्यो मालेमावादको गहिरो अध्ययन र व्यवहरिक प्रयोगबाट प्राप्त हुन्छ ।

६. निकर्ष : मार्क्सवाद मार्क्सका विचारहरू र शिक्षाहरूको व्यवस्थीत प्रर्णाली हो । वर्ग-संघर्ष, सर्वहारा वर्गको अधिनायकत्व, शसस्त्र बलप्रयोग र द्वनद्धात्मक ऐतिहासिक भौतिकवाद मार्क्सवादका आधारभूत सिद्धान्त हुन । वर्गीय समाजमा यी आधारभूत सिद्धान्तलाई सिर्जनात्मक ढंगले लागू गर्नु नै राष्ट्र र जनतालाई मुक्ति दिलाउनु हो । मार्क्सवादी सिद्धान्त यस्तो सिद्धान्त हो जसले समाजमा रहेका र स्वयं आफूभित्र रहेका फोहोर मैलालई समूल रूपममा नष्ट गरेर विल्कुल नयाँ सभ्य मानव र सभ्य समाजको निर्माण गर्नुका साथै दुनिया बदल्न सक्छ । जस्ले उत्पीडित वर्ग समुदायलाई हजारौं चुनौतिहरूसँग लडेर मानिसलाई सभ्य र सुसंगठित हुन सिकाउछ । मार्क्सवाद संघर्षको दर्शन पनि हो ।

नेपालमा विभिन्न आरोह-अवरोह, उतार-चढाव, क्षेति-उपलब्धिका बीचबाट मार्क्सवादको व्यवहारिक प्रयोग भएको छ । क्रान्ति सँगै प्रतिक्रान्तिको विकास हुने विज्ञानको नियम अनुसार नेपालमा पनि क्रान्ति र प्रतिक्रान्ति बीच विचारधाराको क्षेत्रमा र संघर्षको क्षेत्र वेजोडको लडाई हुँदै आएको छ । अहिले नेपालमा मात्र नभएर विश्व कम्युनिष्ट आन्दोलनमा दक्षिणपंथी संसोधनवादको हावाहुरी वेजोडले चलेको छ । तथापी त्यसका विरुद्ध क्रान्तिकारी आन्दोलन पनि शसक्त बन्दै गएको छ । पछिल्लो चरणमा दक्षिणपंथी अवसरवादका विरुद्ध क्रान्तिका झिल्काहरू जवरजस्त उठी राखेका छन् । प्रतिकृयावादमा पतन हुँदै दक्षिणपंथी संसोधनवाद निकट भविष्य मै जनताको बीचबाट नांगिने छ । नेपाली क्रान्तिले त्यसका विरुद्ध जेहाद छेड्ने छ । तत्कालका लागि नेपाली क्रान्ति पछाडि हटेता पनि क्रान्तिका आधारशिला ढलेका छैनन् । हामी नेपाली क्रान्तिलाई नयाँ ढंगबाट सम्पन्न गरी छाड्ने छौ । मालेमावादको नयाँ चरणमा विकास गरेर छाड्ने छौं । नेपाली क्रान्ति संभव मात्र हैन अपरिहार्य छ ।

## कदर गर्नाले प्रतिभा आकर्षित हुन्छ



ईस्वी पूर्व पाँचौं शताब्दीमा राजा चाओ शियान्जीले कसरी प्रतिभाशाली व्यक्तिहरूको महत्व बुझे र चाओ राज्यको उन्नति गरे भन्ने कुरा आज पनि उत्तिकै सान्दर्भिक छ ।

एकदिन डुंगामा बसेर दृश्यावलोकन गरिरहँदा चाओ शियान्जीले भने- 'मेरा २००० अनुचरहरू छन्, तर मसँग प्रतिभाहरू छैनन्, यस्तो किन भएको ?'

डुंगा चालक शु चाओले जवाफ दिए-'महाराज, धनदौलतको खुट्टा हुँदैन, तर ती तपाईका वरिपरि जम्मा हुन्छन् । तपाईले तिनीहरूलाई मन पराउनुको कारण त्यसो भएको हो । प्रतिभाशाली व्यक्तिहरूको दुई खुट्टा छन्, तर उनीहरू तपाईको नजिक आउन अनकनाउँछन् । यसको कारण हो तपाई उनीहरूलाई मन पराउनु हुन्न ।'

अनुचरहरूलाई चराको छातीका प्वाँखहरूसँग तुलना गरेर शु चाओले थपे-'चरा आफ्नो पखेटामा भएका प्वाँखहरूका कारणले उड्छ, उसको मुटुमाथि छातीको प्वाँख जतिसुकै राम्रा भए पनि त्यसले उसलाई उड्न मद्दत गर्दैन ।'

राजाले उसको कुरा ध्यान दिएर सुने । उनले राज्यलाई बलियो बनाउन प्रतिभाको खोजी गर्न थाले । यो कथाको शिक्षा यस्तो छ : यदि नेताले सामर्थ्यको सह्राना गर्छ भने उसले प्रतिभालाई आकर्षित गर्ने छ, यदि नेतालाई प्रशंसा मन पर्छ भने उसले चापलुसी गर्नेहरूको भीड जम्मा गर्ने छ । यदि नेताले धन मन पराउँछ भने वरिपरि घुसखोरहरूको घेरा बनाउने छ ।

केही नेता के दावा गर्दछन् भने उनीहरू प्रतिभालाई मूल्यवान ठान्छन् । तर उनीहरू आफूले भनेको कुरा मान्नेलाई मात्र मन पराउँछन् । यस्ता मानिसहरू चराको छातीमा भएका प्वाँख जस्तै सुन्दर त हुन सक्लान्, तर तिनीहरू कुनै पनि काम लाग्ने खालका हुँदैनन् । प्रतिभा भनेका ज्ञान भएका मानिसहरू हुन् । उनीहरूमा केही कमी कमजोरी भए पनि उनीहरूको अभावमा ठूलो लक्ष्य हासिल गर्न असंभव हुन्छ ।

*अनुवादक : गौरव श्रेष्ठ*

*('पेकिङ रिभ्यु' मई १७, १९८२ बाट)*

# नेता र नेतृत्वबारे लेनिनको चिन्ता

● क. हेमन्त


मेरो विचारमा केन्द्रीय समितिको सदस्य सङ्ख्या ५० अथवा १०० सम्म पुऱ्याउनाले दुई अथवा अझ तिनै लक्ष्यहरूको पूर्ति हुन जानेछ। केन्द्रीय समितिका सदस्यहरूको सङ्ख्या जति बढि हुन जान्छ, त्यतिकै उनीहरूले केन्द्रीय समितिको काम सिक्दै जानेछन्। कुनै प्रकारको असावधानीले गर्दा फुट हुने खतरा पनि त्यत्तिकै घट्न जान्छ। केन्द्रीय समितिमा धेरै मजदुरहरूलाई गाभ्नाले हाम्रो प्रशासकीय व्यवस्थाको सुधार गर्नमा मजदुरहरूलाई निश्चित सहयोग पुग्नेछ। हाल व्यवस्था निकै खराब छ। यो व्यवस्था वास्तवमा हामीले पुरानो शासनबाट अपुताली स्वरूप पाएका छौं। यति छोटो समयमा, विशेष गरेर लडाइँ र भोकमरीको अवस्थामा यसमा सुधार गर्नु असम्भव प्रायः थियो।

तसर्थ, हाम्रो गिल्ला गर्दै द्वेषपूर्वक हाम्रो प्रशासकीय व्यवस्थाका कमजोरीहरूप्रति सङ्केत गर्ने "आलोचकहरू" लाई हामी शान्तिपूर्वक के जवाफ दिन सक्छौं भने उनीहरूलाई वर्तमान क्रान्तिका परिस्थितिहरूबारे किञ्चित ज्ञान रहेनछ। पाँच वर्षभित्र प्रशासकीय व्यवस्थामा यथेष्ट सुधार गर्नु विकलकूल असम्भव कुरा थियो। त्यो भनेको खास गरेर क्रान्तिको परिस्थितिहरूको बेला थियो, जुनबेला हामी क्रान्तिमा थियौं।

हामीले पाँच वर्षभित्र एक त्यस्तो नयाँ किसिमको राज्य निर्माण गरेका छौं, जहाँ पुँजीजीवीविरुद्ध किसानहरूसँगै मजदुरहरू अघि बढिरहेका छन्। एक शत्रुतापूर्ण अन्तर्राष्ट्रिय परिस्थितिका बेला यो आफैं निकै महत्वपूर्ण कुरा हो। यो आफैमा एथेष्ट पनि छ। यसका साथै के कुरा बिर्सनु हुन्न भने वास्तवमा हामीले यो प्रशासकीय व्यवस्था जारशाही र बुर्जुवावर्गबाट जस्ताको तस्तै पाएका छौं। अब शान्ति कायम भइसकेपछि र भोकमरीविरुद्ध न्यूनतम आवश्यकताहरूको ग्यारेन्टी पाइसकेपछि हाम्रो सम्पूर्ण कार्य यस व्यवस्थालाई सुधारतिर लाग्नु पर्छ।

म के कुरा बुझ्दछु भने केन्द्रीय समितिमा सम्मिलित हुने केही दर्जन मजदुरहरूले अरु कसैले भन्दा उत्कृष्ट तरिकाले हाम्रो यस प्रशासकीय व्यवस्थाको जाँच, सुधार र पुनर्निर्माण गर्न समर्थ हुनेछन्। मजदुर किसान निरीक्षण आयोग (जसलाई सुरुमा यो काम सुम्पिएको थियो) ले यो काम गर्न सकेन। अब यस आयोगलाई केन्द्रीय समितिका यी सदस्यहरूको मात्र "पूरक" अथवा सहायकको रूपमा प्रयोग गर्न सकिन्छ। मेरो विचारमा केन्द्रीय समितिमा सम्मिलित गरिने ती मजदुरहरू धेरै पहिलेदेखि सोभियत सङ्गठनहरूमा काम गर्दै आएका नहोऊन्। लामो समयदेखि काम गरेका यी मजदुरहरूमा त्यस्ता परम्पराहरू र निश्चित पूर्वाग्रहहरू जमिसकेका छन्, यसविरुद्ध सङ्घर्ष गर्नु आवश्यक छ। मेरो पत्रको यस अंशमा जहाँ पनि मजदुरहरू भन्नाले किसानहरूलाई समेत बुझ्नु पर्छ।

केन्द्रीय समितिका मजदुर सदस्यहरूमा मुख्यतया ती मजदुरहरू सम्मिलित हुनुपर्दछ, जो पछिल्ला पाँच वर्षदेखि सोभियत सङ्गठनहरूमा कर्मचारीहरूका रूपमा नियुक्त हुनेहरूका दाँजोमा तल्लो श्रेणीका होऊन्। यिनीहरूको आम मजदुरहरू तथा किसानहरूसँग निश्चित रूपमा बढि नजिकको सम्बन्ध भएको होस्। जो प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपले




शोषकहरूको श्रेणीमा नपरुन्। मेरो विचारमा केन्द्रीय समिति तथा राजनीतिक ब्यूरोका सबै बैठकहरूमा उपस्थित भएर र केन्द्रीय समितिका सब दस्तावेजहरू पढेर यी मजदुरहरू त्यस्ता कार्यकर्ताहरूमा परिणत हुन सक्नेछन्, जो सोभियत व्यवस्थाका इमान्दार समर्थक बन्नेछन्। यिनीहरूले सबैभन्दा पहिले त स्वयम् केन्द्रीय समितिलाई स्थिरता प्रदान गर्ने छन् अनि प्रशासन व्यवस्थाको सुधार एवम् नवीकरणका लागि वास्तविक रूपमा काम गर्न समर्थ हुने छन्।

*लेनिन*
*ल.फ.द्वारा लिपिबद्ध।*
*२६ डिसेम्बर, १९२२ 'कम्युनिस्ट' पत्रिकाको अङ्क, ९, सन् १९५६ मा पहिलो पटक प्रकाशित*
*सेक्रेटरीको टाइप-प्रतिअनुसार छापिएको भ्ला.इ.लेनिन, सङ्कलित रचना सङ्ग्रह, पाँचौं संस्करण, खण्ड ४५, पृष्ठ ३४३-३४८.*

## कविताहरू

### अक्षांशहरू

● *रिता सान्चियोनी*
(अनुवादकः राजकुमार बराल)

*ातहरूले तिनीहरूका औंला काट्नुअघि*
*सपनाका कुरा*
*र, डेल्टा सुरु हुनुभन्दाअघिका*
*नदीका कुरा बढारिनुअघि*
*समयले नेटो काट्नेछ*
*(र, हाम्रो निर्दोष अन्त्य)।*

*यहाँ मस्तिष्क आफैं पनि*
*नियन्त्रित छैन*
*पुनर्संयोजनको फिँजमा*
*बाहिरी आवरण स्वच्छ, पारदर्शी देखिन्छ*
*तर, हाम्रा मिश्रित विस्मातहरूलाई पखाल्दा-पखाल्दै*
*यत्रतत्र जेलिएका र जकडिएका धागोहरू*
*फुकाउँदा-फुकाउँदै*

*निष्कपटताको पागलपना हराएर जान्छ*
*न्यानोबिनाको खोटोरहित जीवनका पाप्राहरू*
*शान्त वातावरणमा क्रमशः उप्किएर जान्छन्*
*र, हाम्रा बाध्यताबीच*
*हामी अलग भएका छौं।*

*किन त्यस्तो हुन्छ ?*
*लाग्छ- यो देखावटी हो*
*अँध्यारोमा घुम्ने अन्धचक्काले*
*धेरै टाढाबाट समयको गन्ती गर्छ।*

*थाहा छैन- केले हामीलाई*
*यति टाढा ल्यायो*
*पलायन वा बाध्यता*
*यत्ति थाहा छ,*
*शून्य अक्षांशहरूभन्दा बाहिर*
*केही महत्वपूर्ण छ यदि भने*
*त्यो हो- अनुभूति।*

### आज देशमा

● *नित्यानन्द गायेनज्ल*
(अनुवाद : प्रमोद धिताल)

अनाजका गोदाम भरिएका छन्
फेरि पनि
गरीब भोकले तड्पिरहेछन्।

यहाँ अदालत छन्
न्यायधीश पनि छन्
किंतु कोशौं दूर टाढा छ न्याय

सेना छ पुलिस छ
फेरि पनि
दिलमा घर बनाएर बसेको छ भय

गल्लीको धारा पानीको आशामा
सुक्खा उभिएको छ
र बोत्तलबन्द पानीले
बजार भरिएको छ
स्कुल यस देशका
लाग्छ व्यापारिक केन्द्रमा
फेरिदैछन्
र शिक्षक व्यापारीमा

रवि जस्तै
आजको कवि पनि
मौसम हेरेर
बाहिर हेर्छ
कपडा हेरेर
मानिसको दर्द अनुमान गर्छ

किसान खेतमा मरिरहेछन्
र मन्त्रीजी
क्रिकेट खेलिरहेछन्

हाँ यस देशमा
चुनाबभन्दा पहिला नै
पत्रिकाहरू बिक्छन्
नेताहरूको चर्चा गर्दागर्दै
पत्रकारहरूका कलम सुक्छन्।

***हजारीवाग भारतीय जेलको स्मरण***

# कुहिएको चामल र शरीरभरि लुतो

हजारीबागमा मैले दङ्गाको बारेमा सुनेकी थिएँ। सन् १९७० को शरद् ऋतुको बेला जमदेशपुर जेललाई पूरै कब्जामा राखेका थिए। जो कैदी/बन्दीहरूले दङ्गा गरेका थिए। उनीहरूको गुनासो थियो- जेलमा भिडभाड, पानीको कमी र स्वास्थ्य असुविधा थियो। अधिकारीहरूले स्थितिलाई शान्त गर्नका लागि यी मागहरू पूरा गरिने वाचा गरेका थिए। तर, स्थिति आफ्नो हातमा लिएपछि कैदी/बन्दीहरूका नेताहरूलाई जेल सरुवा गरिदिए। अरूहरूले आन्दोलन गरेनन्। पुरुष विभागमा महिलाहरू राखिएको कोठीको साइजमा लगभग १०० जना कैदीहरूलाई बन्द गरेर राखिएको थियो। सङ्क्रामक रोग फैलिएको कारणले दिनमा लगभग एउटा लाश जेल बाहिर निकालिन्थ्यो।

अर्कोतिर, केही बफादार कैदी तथा घुस दिने कैदी/बन्दीहरूलाई तुलनात्मक रूपमा राम्रो सुत्ने ठाउँ र राम्रो खाना पकाउने ठाउँ मिलाइएको थियो। उनीहरूले आफ्नो रासन कटाएर घुस दिने गर्दथे। गरिब तथा घुस दिन नसक्नेहरू कमजोर मानिन्थे। जेलमा सामान सप्लाइ गर्ने कठेकेदारको मानिसहरू यी सामानहरू जाँच गर्ने ठाउँमा खटिन्थे। निर्धारित मात्रा भन्दा कम र गुणस्तरमा तल्लो भए पनि बेरोकटोक जेलभित्र पठाइन्थ्यो। मैले कति पटक दुर्व्यवहार र अन्यायको विरोधमा हजारीबाग तथा जमदेशपुर दुवै जेलमा पुरुष कैदीहरू उठेको देखे। धेरैले त अन्ला रूखहरूमा या छतहरूमा चढ्दथे र उनीहरूले गरेको गुनासो या माग पूरा नहुँदासम्म तल झर्दैनथे। तर यसकारणले भएको सुधार एकदमै अल्पकालीन समयका लागि हुन्थ्यो र



पुरानै पारा फेरि हाबी हुन्थ्यो।

जमदेशपुरमा आफ्नो खाना अलग्गै बनाउने कुनै सुविधा पनि थिएन। मैले एक्लै खाना बनाउनु भन्दा सबैसँग बनाउनु नै ठीक सम्झिए। तर पनि यहाँ चिया बनाउनको लागि सामान्य अवस्थामा दिइँदैनथ्यो। त्यसैले मैले एउटा सानो प्राइमस स्टोभमा चिया बनाउँथे। जेलको भान्साघर मेरो कोठाको बाहिर पर्खालको छेउमा थियो। बिहान सबेरै मेरो निद प्रायशः ३.० बजेतिर त्यो समयमा खुल्दथ्यो। ठूलठूला फलामका भाडालाई घिसार्दै मानिसहरूले पानीको नजिक लैजान्थे। त्यसबेला चर्को आवाज निस्कन्थ्यो। भान्सेहरूलाई निकै सबेरै काम गर्नु पर्दथ्यो। किनकि, भान्सा यति सानो थियो जहाँ एक पटकमा एक चौथाई कैदीहरूको लागि मात्र खाना पकाउन सकिन्थ्यो। त्यसैले थोरै थोरै सङ्ख्याको लागि पटकैपटक खाना बनाउनु पर्दथ्यो। लगभग साढे ७ बजे सबेरै आगो बाल्नु भन्दा पहिल्यै धुलो चामलको गन्ध चारैतिर फैलन्थ्यो। यसपछि चामल पकाएको माडपानी चुल्होको सामुन्ने पोखिन्थ्यो। साथै, बोरा पकाएको चामललाई बोरा बिछ्याएर दिउँसो ११-१२ बजेसम्म त्यसैमाथि राखिन्थ्यो। त्यो भातमाथि झिंगा भन्किइरहन्थे, धुलो त्यसैमाथि पर्दथ्यो र चराहरू आएर खान्थे।

निःसार चामल तथा रोटी खानाले मेरो पाचन क्षमतामा जबर्जस्त समस्या पैदा भयो र केही हप्ताभित्रै म जमदेशपुरको गर्मीको बेला ओछ्यानमा परे। मलाई ज्वरो आइरहयो। पछि मलाई यो समस्याले चरम रूपमै सतायो। २४ औं घण्टा म पसिनामा डुबिरहन्थे। तर म आफ्नो कपाललाई यो डरले गर्दा छुँदैनथे। टाउको सुक्नै पाउँदैनथ्यो। परिणामस्वरूप मेरो कपाल सधैं पसिनाले भिजेको भिज्यै हुन्थ्यो र घाटीमा घाउ बनिसकेको थियो। गर्मीको कारणले हामी सबैको शरीरमाथि बिबिरा उठेका थिए। सधैंभरि म हैरानी र बेचैन रहन्थे। केही क्षण बस्नु र पढ्नु भनेको ज्यादै नै कठिन कार्य थियो।

मलाई लाग्दथ्यो मेरो शीर गहुङ्गो हुँदै गइरहेको थियो। एकपटक पल्टिएपछि फेरि उठेर बस्न निकै गाह्रो हुन्थ्यो। गर्मीको कारणले मेरो नसाहरू सुन्निएका थिए र मलाई लाग्दथ्यो मेरो रक्त प्रवाहमा त्यसले रूकावट ल्याइरहेको थियो। शरीरको जोर्नीहरूमा लगातार दुखाइ बढिरहेको थियो। आफ्नो कोठीमा जाँदा दुईवटा सिंढी चढ्दा घुँडा खुम्चाउन पनि निकै गाह्रो परेको थियो। रातमा म ढुङ्गे भुइँमा पल्टिइरहन्थे। नेल र हत्कडी लगाइएका नक्सलवादी कैदी तथा आइमाईहरू कोठीमा ठूसठूस कनेर असैह्य पीडाका साथ बसेका थिए। बच्चाबच्चीहरू जो ४ पर्खालभित्र कैद गरिएका छन्, तिनलाई सम्झेर रात बिताउँथे। उनीहरूको तुलनामा म त अलि बढी आरामसँग बसेकी थिएँ।

बिना जुन जिल्लामा रहन्थिन् वा जन्मेकी थिइन, उनकै गाउँका कैदीहरूमा बिफर निस्कियो। यसबाट सारा पुरुष बन्दीहरू बढि प्रभावित भए। तर महिलाहरूको वार्डमा यसको कुनै असर नै परेन। तर महिला-पुरुष सबैलाई लुतोले भने निकै सताएको थियो। प्रायः आधारात बितिसकेपछि मेरो निद खराब हुन्थ्यो। सारा शरीर चिलाउँथ्यो। म फेरि सुत्न पाउँदैनथे। त्यसपछि त म हातमा ब्रुश ल्याएर पागल जस्तै गरी सारा शरीर कन्याउन थाल्दथें। औषधिको नाममा डाक्टरले सेता चक्कीहरू दिन्थे। यसले काम गरेको थिएन। म त्यतिबेलासम्म त्यो लुतोबाट मुक्त हुन सकेन, जबसम्म मलाई हिउँदमा हजारीबाग फर्काइएन। त्यहाँ मलाई राम्रो मल्हम दिइयो।

अन्य कैदीहरू यति भाग्यमानी थिएनन्। कैयौंको शरीरमा डरलाग्दा घाउ भएका थिए। एकदिन मैले एउटा कैदीलाई उसको खुट्टा निकै सुन्निएको देखे। खुट्टामा यति डरलाग्दो घाउ बनेको थियो कि यताउति फर्कन समेत निकै गाह्रो पर्दथ्यो। जेलरले उसले सरसफाइ नगर्ने भएकाले उसको उपचार गर्न बेकार छ भन्दथ्यो। जेल अटनखटन हुनेगरी भरिएको थियो। मैले कुरा बुझ्नै सकेन कि साबुन, पानी र फेर्ने फर्काउने कपडा नभएको उसले कसरी आफूलाई सफासुग्घर राख्न सक्दथ्यो ?

## जनगणतन्त्र...

चार ठाउँ-झापाको काँकडभिट्टा, कञ्चनपुरको गड्डाचौकी, कास्कीको पोखरा र काठमाडौंको रत्नपार्क शान्तिबाटिकाबाट एक साथ अभियानको उद्घाटन गरिएको छ ।

फागुन १ गतेको कार्यक्रम भनेको महान् जनयुद्ध सुरु भएको दिनको सम्झना र त्यसप्रतिको प्रतिवद्धता हो, यसको अर्थ २०५२ साल फागुन १ गते 'प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस गर्दै नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं, विद्रोह जनताको अधिकार हो, जनयुद्ध जिन्दावाद, नेकपा (माओवादी)' लेखिएको यो पहिलो पोष्टरलाई नेपालका क्रान्तिकारीहरूले फेरि एक पटक पढौं र इतिहासबाट पाठ सिक्दै नेपाली सर्वहारावर्गीय क्रान्तिको रक्षा र विकास गरौं भन्ने नै हो ।

यहाँ के चाहीं स्पष्ट पार्नु आवश्यक छ कि पार्टीले त्यही रूपमा र त्यही तरिकाले अब नेपालमा क्रान्ति हुंदैन र नेपालको विशेषतामा आधारित क्रान्ति सम्भव छ भनेको छ । त्यो भनेको सशस्त्र जनविद्रोहमा आधारित नेपाली विशेषताअनुसारको क्रान्ति भनेको छ ।

तै पनि त्यो पोष्टरको महत्व अहिले झन बढेको छ किनभने प्रचण्डले नेपाली जनतालाई क्रान्तिको लक्ष्य संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना थियो भनेर गलत सन्देश दिइरहेका छन् र नेपालका क्रान्तिकारीले त्यसको भण्डाफोर गर्दै सही के थियो ? जनताका बीचमा लैजानु आवश्यक छ। र अहिले नेकपा (क्रान्तिकारी माओवादी) ले वर्तमानको ओली-प्रचण्ड गठवन्धनको कम्युनिस्ट नामधारी प्रतिक्रियावादी सरकार र नेपालको संविधान २०७२को विकल्प नेपाली जनतालाई दिएको छ, त्यो भनेको संघीय जनगणतन्त्र नेपालको स्थापना नै हो ।

लोकतान्त्रिक गणतन्त्र जसलाई संसदीय व्यवस्था पनि भनिन्छ, त्यो एउटा प्रतिक्रियावादी व्यवस्था हो र यो नेपालमा मात्रै नभई विश्वभर नै असफल भइसकेको व्यवस्था हो । त्यसले नेपाल र नेपाली जनताको राष्ट्रियता, जनतन्त्र र जनजीविकाको विषयलाई हल गर्न सक्दैन् भन्ने स्पष्ट हुँदै आएको र अहिले झन नेपाली जनताको बीचमा नांगिदै गएको छ । भ्रष्टहरू, दलाल तथा नोकरशाहहरू दिनदिनै आर्थिक उन्नतिको उच्च शिखरतर्फ उक्लिरहेका छन् भने नेपाली जनता गरिबीको रसातलमा भासिदै गइरहेका छन् । र यसैको परिणाम नेपाल झनझन पराधिनतातर्फ धकेलिंदै गएको छ ।

अहिले यो ओली नेतृत्वको सरकारले नेपाली जनयुद्ध, सशस्त्रविद्रोह तथा जनआन्दोलनमा सहादतप्राप्त गर्ने हजारौं सहीद, बेपत्ता योद्धा परिवार र घाइते, अपांगहरूको अपमान सिवाय अरु केही गर्न र दिन सकेको छैन् । वाइड बोडी प्रकरणमा अरबौ भ्रष्टाचार गर्ने मन्त्री तथा सरकारी कर्मचारीलाई काखी च्यापेर अहिले ओली-प्रचण्ड हिंडिरहेका छन् । उनको र उनको सरकारको विरुद्ध बोल्ने र बोल्न चाहने सबैमा नियन्त्रण गर्ने उद्देश्यले विभिन्न काला कानुनहरू बनाउनमा नै उनको सरकार र संसद व्यस्त छन् । त्यसैले उनको विकल्पको आवश्यकता अहिले टडकारो रूपमा देखिएको छ । र त्यो विकल्प त्यही पार्टीका अन्य नेताहरू-दाहाल, नेपाल तथा झलनाथ आदिबाट खोजिदै छ ।

तर इतिहासमा गन्हाइसकेका यी पात्रहरूबाट अब नेपाल र नेपाली जनताको भलाई हुन सक्दैन ।

त्यसैकारण उनको बिकल्पमा यी पात्रहरू कोही हुन सक्दैनन् । अब एक व्यक्तिको विकल्प अर्को व्यक्ति होइन, समग्र संसदीय व्यवस्था कै र समग्र संविधानकै विकल्प खोजिनु आवश्यक छ। नेकपा (क्रान्तिकारी माओवादी)ले अगाडि सारेको आन्दोलनको नारा-"राष्ट्रिय स्वाधीनताको रक्षा र संघीय जनगणतन्त्रको स्थापनाका लागि संघर्ष गरौ" भन्ने नै सही अर्थमा नेपालको राष्ट्रिय स्वाधीनताको रक्षा र गरीब नेपाली जनताका जनजीविकाका समस्याको समाधान गर्ने यहि मात्रै एउटा सुनिस्चित बिकल्प हो ।

यसैका लागि गरिने विभिन्न कार्यक्रममध्ये मेची-महाकाली राष्ट्रिय जनजागरण अभियान एउटा जनचेतनामूलक कार्यक्रम हो । पार्टी नेतृत्व के मा स्पष्ट छ भने वर्तमानको प्रतिक्रियावादी सत्ताको विकल्प त अन्त्यमा सशस्त्र जनविद्रोहबाट मात्रै सम्भव छ । र जनविद्रोहका लागि जनताको सहभागिता, त्याग र बलिदानको उत्तिकै आवश्यकता छ । जनताको सहभागिता, त्याग र बलिदानको प्राप्तीका लागि समग्र पार्टी नेतृत्व र कार्यकर्ताको सहभागिता, त्याग र बलिदानको जरुरत पर्छ । यही मार्गतर्फ नेकपा (क्रान्तिकारी माओवादी) होमिएको छ ।

*singhhukum683@gmail.com*

## उफ् !...

शौचालय पनि प्रयोग विहिन र पानी विहिन छन् । सार्वजनिक शौचालयहरू प्रयोग गर्न लायक नभएका धेरै ठाउँहरू छन् ।

बाह्रै महिना भीड भइरहने मन्दिरहरूमा पनि कतै शौचालय नै हुदैन भने कतै शौचालयको अवस्था नारकीय हुन्छ । यद्धपि कतिपय ठाउँहरूमा शौचालय बनाउने देखि सरसफाइका कामहरू पनि धमाधम भइराखेका छन् । रौतहट भर्खरै खुल्ला दिसामुक्त क्षेत्र घोषणा भएको छ । घरघरमा शौचालय बनेपछि चन्द्रनिगाहपूर देखि गौरसम्मको बयालिस किलोमिटर लामो वीरेन्द्र राजमार्गमा खुल्ला दिसा गर्ने क्रम रोकिएको छ । कतिपय ठाउँमा खुल्ला स्थानमा दिसा गरेको ड्रोनबाट पनि जाँच गर्ने गरिएको छ । कतिपय स्थानिय तहले खुल्ला ठाउँमा दिसा गरेको पाँच हजार देखि एकलाखसम्म जरिवाना तोकेका छन् । काठमाडौंमा पनि ठाउँठाउँमा वाईफाई युक्त शौचालय निर्माणको योजना अगाडि बढेको भनिएको छ । हालसालै भएको एक अध्ययन अनुसार काठमाडौंका २८४ स्थानमा शौचालय आवश्यक रहेको देखाएको छ। आशा गरौं अव भने व्यस्त ठाउँमा घुम्न गएका बेला शौचालय जान नजिकका अस्पताल वा होटल खोज्दै पस्नु नपरोस । प्रत्येक नागरिकलाई खुल्ला शौच गर्दा अरुले देख्ला कि भन्ने लाज, डर र केहि मात्रामा भएपनि वाताबरण दुषित हुन्छ भन्ने मनमा लागिरहेको हुन्छ । जसरी खुला शौच गर्दा वातावरण दुर्गन्धित हुन्छ त्यसैगरी शौचालयमा सरसफाई नहुँदा रोगहरू फैलिन्छन् । बिभिन्न रोगहरूको जरा नै दुर्गन्धित शौचालय हुन् । त्यसैले पर्याप्त पानीको सुबिधा सहित सरसफाइ चुस्त भएका सार्वजनिक शौचालयहरूको ठाउँठाउँमा खाँचो छ । प्रतिव्यक्ति पाँच देखि दश रूपैयाँ शुल्क लिएर पनि यस्ता शौचालयहरूको अवस्था नसुध्रिनुमा सम्वन्धित ठाउँको व्यवस्थापकिय कमजोरी नै हुनुपर्छ । सर्वसाधारणको स्वास्थ्यसंग सोझै सम्बन्ध राख्ने सरसफाई जस्तो कार्यमा सबै सरोकारवालाहरूको समयमै ध्यान जानु आवश्यक छ ।

## राज्यले...

कोणसभालाई संबोधन गर्नेक्रममा गजुरेलले उक्त कुरा बताएका हुन् । क्रान्तिकारी माओवादीका जिल्ला सचिव बादलले सञ्चालन गरेको उक्त कार्यक्रममा टिम नेता सीपी गजुरेलले नेपालको सीमा सधैं भारतीय पक्षबाट अतिक्रमित भइरहने र नेपालले दशगजा क्षेत्रमा आफ्नो भूभाग गुमाइरहने कुरा सैह्य नभएकाले यसका विरुद्ध जनजागरण अभियान लिएर आफूहरू सीमावर्ती जनताका माझमा आएको कुरा बताएका हुन् ।

देशभक्त जनगणतान्त्रिक मोर्च नेपालद्वारा फागुन ७ गते झापाबाट सुरु गरिएको मेचीमहाकाली अभियान कोणसभा, छलफल, पत्रकार सम्मेलन, जभेटघाट तथा अन्तरक्रिया गर्दै जनसम्बन्ध स्थापित र सुदृढ गर्दै उत्साहका साथ पश्चिमतिर अघि बढिरहेको छ । त्यसै गरी देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रीय सचिव को कार्यक्रम सम्पन्न गरेको छ।

सीमा अनुगमन उर्लाबारीको सभा संबोधनपछि सोही दिन अभियान टोलीले मोरङकै सुनवर्सी नगरपालिकास्थित डायनियामा अर्को कोणसभा सफलतापूर्वक सम्पन्न गरेको छ । अभियानका नेता सीपी गजुरेलले उक्त सभालाई संबोधन गरेका थिए भने सभाको सञ्चालन मधेशी मोर्चाका प्रदेश संयोजक सुभिर मण्डलले गरेका थिए । यसलगत्तै मोरङको धनपाल गाउँपालिकास्थित बर्सियामा अर्को सभा सम्पन्न भएको थियो । युवा संगठनका नेताले गरम जोसीकासाथ सञ्चालन गरेका उक्त सभालाई देजमो प्रदेश संयोजक लालबहादुर र देजमो अध्यक्ष सीपी गजुरेलले गरेका थिए ।

क्रान्तिका लागि कुनै तिथिमिति जुराइरहनु पर्ने आवश्यकता नभएको भन्दै गजुरेलले देजमोको अभियानलाई राज्यले यदि दमन र हस्तक्षेप गरे त्यही विन्दुबाट अर्को क्रान्तिको उद्घोष हुने कुरा बताएका थिए ।

## दलाल...

गर्ने क्रममा थापाले उक्त कुरा बताएका हुन् ।

उनले केपी ओलीको सरकारले जनतालाई ठूलाठूला सपना देखाउने तर काम भने केही पनि नगर्ने भएकाले देशव्यापी निराशा छाएको र ओली सरकारको राजमा राष्ट्रघात, जनघात र जनविरोधी गतिविधिहरू निकै चुलिएर गएको कुरा खुलासा गरेका छन् । ओली सरकार दलालहरूको सरकार भएकाले जनताको पक्षमा केही होला भनेर अपेक्षासम्म गर्न नसकिने बताए ।

चुनावका बेला आफू एकमात्र देशभक्त पार्टी भएको दावा गर्ने दुईतिहाईको ओली सरकार अहिले दिल्लीले बनाएर नेपालमा पठाएको नक्कली नक्सा सरकारी कार्यालयमा झुन्ड्याइरहेको छ । यो नक्कली नक्सामा नेपालको दश हजार वर्ग किलोमिटर भूभाग अतिक्रमित गरिएको छ । यसका बारेमा नेपाल सरकार र भारतीयहरूका पक्षबाट कुनै पनि औपचारिक छलफल भएको छैन । एकताका निर्माण गरिएको प्रवुद्ध व्यक्ति समूह अर्थात् ईपीजी पनि बिघटित भइसकेको छ ।

युवाहरूलाई विदेश पठाएर नेपालमा समृद्धि खोज्ने ओली सरकार उल्टो बाटो हिंडिरहेको छ । यसले देशमा विकास र समृद्धि होइन, संकट र समस्याहरू ल्याउने छ। थापाले भने देशले अग्रगामी कदमहरू र विकासका बाटाहरू खोजिरहेको बेला यथास्थिति तथा अगतिको बाटो सरकारले लिन पुग्दा देश डरलाग्लो संकटमा फस्दै गइरहेको छ । उनका अनुसार जनता अब संघीय जनगणतन्त्र स्थापनाका लागि संघर्षको बाटोमा अघि बढ्नु पर्छ ।

## क्रान्तिकारी...

मार्क्सवादी दर्शनका व्याख्याता, विचारक, लेखक तथा अनुवादक क. कृष्णदास श्रेष्ठको ८७ वर्षको उमेरमा आज दिउसो १ बजेर ४० मिनट जाँदा आफ्नै निवास शंखमूलमा निधन भएको छ । उहाँको निधनले हाम्रो पार्टीलाई स्तब्ध तुल्याएको छ । वहाँको निधनले नेपालको जनवादी तथा कम्युनिस्ट आन्दोलनमा गम्भीर क्षति हुन पुगेको छ । पार्टीका सल्लाहकार समेत रहनु भएका सम्मानित बरिष्ठ नेता क. कृष्णदास श्रेष्ठप्रति हाम्रो पार्टी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । शोक सन्तप्त परिवारजन तथा शुभेच्छुकहरू सबैमा हार्दिक समवेदना प्रकट गर्दछ ।' स्व. कृष्णदास श्रेष्ठको योगदानको कदर गर्दै विज्ञप्तिमा थप भनिएको छ- 'सर्वहारावर्ग, वर्गसंघर्ष, राष्ट्रिय स्वाधीनता, सर्वहारा क्रान्ति, वर्ग प्रतिबद्धता र जनमुक्तिप्रति अटुट आस्था क. कृष्णदासका जीवनका अनुकरणीय गुण हुन् ।'

कृष्णदास श्रेष्ठ आफैमा एक सैद्धान्तिक, सांगठनिक तथा दार्शनिक स्कुलिङ भएको र उनीबाट पछिल्लो पुस्ताले सिक्नुपर्ने शिक्षमाथि प्रकाश पार्दै विज्ञप्तिको अन्त्यमा भनिएको छ-'मानव मुक्तिको महान् तथा उच्च लक्ष्यमा सम्पूर्ण जीवनको समर्पण गर्नु नै जीवनको सार्थकता रहेको कुरालाई आत्मसात गरी कम्युनिस्ट आदर्श र सर्वहारावर्गीय उदात्तताका पक्षमा उभिनुभएका क.कृष्णदास श्रेष्ठ क्रान्तिकारी कम्युनिस्ट र वर्गसंघर्षका पक्षमा लाग्ने मानिसहरूका निम्ति एक आदर्श व्यक्तित्व हुनुहुन्छ ।' शोक वक्तव्य जारी गरिएसँगै श्रेष्ठको पार्थिव शरीर बुद्धनगरस्थित नेकपा (क्रान्तिकारी माओवादी) को केन्द्रीय कार्यालयमा ल्याई हार्दिक श्रद्धाअर्पण गरिसकिएको छ। श्रेष्ठको काठमाडौंको शंखमूलस्थित आफ्नै घरमा शनिवार दिउँसो १ बजेर ४० मिनेट जाँदा निधन भएको थियो ।

दर्शन, राजनीति र सिर्जनालाई संगसंगै लिएर हिंड्नसक्ने वरिष्ठ नेता तथा सर्जक श्रेष्ठ आफैमा दार्शनिक तथा राजनीतिक चिन्तक थिए । लामो समय नेपाली कम्युनिष्ट आन्दोलनको नेतृत्व गर्दै र सहभागी हुँदै आएका श्रेष्ठको जन्म बि.सं. १९८८ मा भएको थियो ।

## क.कृष्णदास...

वैद्य'किरण'ले क. कृष्णदास श्रेष्ठबाट कम्युनिस्ट क्रान्तिकारीहरूले धेरै कुरा सिक्नुपर्ने बताएका छन् । पार्टी कार्यालय बुद्धनगरमा दिवंगत श्रेष्ठको पार्थिव शरीरमाथि अन्तिम श्रद्धाञ्जली मा मन्तव्य व्यक्त गर्दै महासचिव किरणले भने, "क. कृष्णदास श्रेष्ठ नेपाली कम्युनिस्ट आन्दोलनको एउटा अमूल्य निधि, गहना हुनुहुन्थ्यो । उहाँको पार्टी, क्रान्ति, वर्ग र वर्गसंघर्षप्रतिको उहाँको निष्ठा र समर्पण सबै कम्युनिस्ट क्रान्तिकारीहरूले सिक्नु पर्दछ ।' महासचिव किरणले क. कृष्णदास श्रेष्ठ नेपाली कम्युनिस्ट आन्दोलनका सबै धाराका समेत नेता भएको भन्दै कम्युनिस्ट आन्दोलनको भावी पुस्ताले मार्क्सवादको अध्ययन नगर्ने हो कि, कसरी गर्ने हो भन्ने चिन्ता गर्ने गरेको र उहाँका प्रकाशन हुन बाँकी कृति पार्टी र उहाँकै पहलमा बनेको फाउन्डेनले गर्ने र गर्दै पनि आएको बताए ।

क.कृष्णदास श्रेष्ठको शनिबार १ बजेर ४० मिनट जाँदा आफ्नै निवास शंखमूलमा निधन भएको थियो। निवासकै प्राङ्गणमा उहाँको पार्थिव शरीरमा महासचिव किरणले झण्डा, माला र अवीर लगाएर श्रद्धाञ्जली अर्पण गरेका थिए। पूर्व प्रम तथा डबल नेकपाका नेता झलनाथ खनाल, गृहमन्त्री रामबहादुर थापा बादल, नेता देव गुरुङ, पम्फा भुसाल, स्वनाम साथी, लोकनारायण सुवेदी लगायतका नेताहरूले समेत श्रद्धाञ्जली अर्पण गरेका थिए। त्यसपछि पार्टी कार्यालयमा केही बेर श्रद्धाञ्जलीका लागि राखी अन्तिम श्रद्धाञ्जलीसहित अन्त्यष्टीका लागि पशुपति आर्यघाट लगिएको थियो । महासचिव किरण, मालेका महासचिव सिपी मैनाली, स्वनाम साथी लगायत विभिन्न कम्युनिस्ट पार्टीका नेता कार्यर्ताहरू क. श्रेष्ठप्रति अन्तिम श्रद्धाञ्जलीका लागि पशुपति आर्यघाट पुगेका थिए ।

अन्तिम श्रद्धाञ्जलीपछि क.श्रेष्ठको अन्तिम चितामा छोरा संजीवदास श्रेष्ठले दागबत्ती दिएका थिए। क. श्रेष्ठकी पत्नी महालक्ष्मी श्रेष्ठ, एक छोरा र तीन छोरी रहेका छन् ।

# 'भारतले मिचेको एक ईन्च जमिन पनि छाडिन्न'

सिरहा । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको जारी मेची-महाकाली अभियान अन्तर्गत आज सिरहाको भगवानपुर गापा-ठाडी र भारतको लौकाहा मधुवनीमा पर्ने सीमा क्षेत्रमा भारतले मिचेको नेपाली भूभागको अनुगमनपछि सीमा क्षेत्रमै आयोजित कोणसभालाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटव्यूरो सदस्य तथा २ नं. प्रदेश सचिव कृष्णदेव सिंह दनुवारले भारतले मिचेको एक इन्च नेपाली भूमि पनि नछाडिने बताएका छन् । उनले बारम्बारको भारतीय सीमा अतिक्रमण र त्यसमा नेपाली शासकहरूको मौनताले सीमा क्षेत्रका बसोबास नेपाली नागरिकहरू स्वयम् भारतीय हस्तक्षेप र उत्पीडनका विरुद्ध लडिरहेको बताउँदै नेता दनुवारले नेपाली सार्वभौमिकताको रक्षाका लागि सीमानाका जनता जागरुक भइरहेको बताए ।

सीमा क्षेत्रमा बस्ने नेपाली र भारतीयहरू बीचमा रोटी बेटीको सम्बन्ध रहेको भएपनि भारतले सँधै नेपालीहरूमाथि ठूल्दाईको व्यवहार गर्दै आएको छ र सीमा क्षेत्रका नेपालीहरूमाथि अत्याचार गर्ने गरेको आरोप लगाए । उनले भारतले सीमा क्षेत्रमा एकतर्फी रूपमा बाँधेको बाँध, बनाएको पक्की सडकका कारण नेपाली भूभाग डुबानमा पर्ने गरेको र बर्षेनी हजारौ सीमाबासी (मधेसवासी) आफ्नो थातथलोबाट विस्थापित हुनु परेको समेत चर्चा गरे ।

नेपाली भूमि मिचेर सडक, बाँध बनाउने, नेपाली जमिन भएको पुर्जा देखाउँदा पनि नेपालीहरूलाई आफ्नै भूमिमा खेतीपाती गर्न रोक लगाउने, नेपालीहरूमाथि भारतीय सीमा सुरक्षा बलले आतंक मच्चाउने गरेको भन्दै भारतीय हस्तक्षेप र दादागिरीको नेता दनुवारले डटेर विरोध गरे ।

सो कोणसभा तथा सीमा निरीक्षणमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेल, पार्टी स्थायी समिति सदस्य प्रतिकलगायत पार्टी तथा मोर्चाका नेता र कार्यकर्ताहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा सीमाबासी जनसमुदायको समेत उल्लेख्य उपस्थिति रहेको थियो ।




आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१
पुष्प- ९८५१०४३३२८, ९८०८४६११०६
बिक्की शर्मा गुरागाँई- ९८५११९५८८९
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी- ९८५२०६०२५४
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर | गाईघाट सम्पर्क नम्बर
[illegible]

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

रुद्रताल यातायात प्रा.लि.
ढोरपाटन-१, बुर्तिवाङ, बाग्लुङ

सुमो दिवा सेवा
बुर्तिवाङ, खरवाङ, हतिया, बाग्लुङ, पोखरा हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नं. ९८१०२५१८६३
बुर्तिबाङ सम्पर्क ९८१०२५१८६४
सुझाव र सल्लाहको लागि ०१-४३५२२२२ र ९८५१०४९९५१

सेवाहरू
बुर्तिबाङ-काठमाडौं दैनिक सेवा सहित घर-घरमा पुऱ्याउने व्यवस्थाको साथै नेपालभित्रको जुनसेकै गन्तव्य स्थलको धार्मिक यात्रा, शैक्षिक भ्रमण, निजी पारिवारिक भ्रमणका लागि गाडी चाहिएमा सम्पर्क राख्नुहोला ।

हिमाल-तराई यातायात सेवा समिति

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्ज्याङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।

टाटासुमो बोलेरो
(रिजर्भ चाहिएमा)

| | |
|---|---|
| ०४७-५२११६९ | सिन्धुली |
| ९८४१०१६०४९ | ढकाल बाजे |
| ९८६०१०२७३८ | विश्व |
| ९८४४२५२३८५ | सानोभाई |
| ९८४११०६९६७ | संजीव |
| ९८४५७८४३०७ | प्रदीप |
| ०१-५१००४९४ | कोटेश्वर |
| ९८४४००८४०० | लाल बहादुर |

रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५, ९८४४०७६२६१, ९८३९२८४३०

## आलोपालो

# उफ् ! शौचालयको अवस्था



● मञ्जु भट्ट

दुई दिनको छुट्टि मनाउन साथीहरूसँग बलथली घुम्न जाने निर्णय भयो । पनौति बजार हेर्न बसबाट उत्रियौं । मौसम जाडो थियो । नजिकै सार्वजनिक शौचालय लेखेको देखेर शौचालय भित्र पस्यौं । शौच गर्ने उद्देश्यले पसेका थियौं । एकजना साथीलाई त्यो भन्दा पहिले नै बान्ता भयो । कोहि नाक थुनेर जसोतसो शौच बस्यौं भने कोहि यत्तिकै फर्कियौं । पिसाब च्यापेर फर्केका हरू बजार कटेपछि अलि अगाडि खुला ठाउँमा शौच बस्न बाध्य भयौं । त्यसैगरि जर्सिङ पौवा, जगडोल, धुलिखेल आदि जाडोमा बनभोज मनाउन जाने अति व्यस्त ठाउँहरू मध्ये पर्छन् । जाडोको प्रत्येक दिनहरूमा खासगरि बिदाको दिनहरूमा यी ठाउँहरूमा धेरै भीड हुन्छ । तर दुर्भाग्य शौचालयहरू यहाँ पनि दुर्गन्धित हुन्छन् । एकसय बीसजना विद्यार्थीहरू लिएर बनभोज मनाउन जर्सिङ पौवा गयौं । बिहान आठबजे नै त्यहाँ पुगेका थियौं । बेलुका चारबजे फर्किदासम्म धेरैजसो बिद्यार्थीहरू दिनभरी शौच च्यापेर बसेका थिए । कतिपय बिद्यार्थीले गनगन गरे पनि त्यहि शौचालय पस्न बाहेक अरु विकल्प थिएन । अझै महिनावारी भएका केटीहरूका लागि दुर्गन्धित शौचालयभित्र पसेर प्याड बदल्नु कष्टकर थियो । खुल्ला ठाउँमा खाना पकाउने र खाने ठाउँ नजिकै रहेका शौचालयहरू दुर्गन्धित हुँदा स्वास्थ्यमा कस्तो असर पर्ला सहजै अनुमान लगाउन सकिन्छ ।

शौचालयमा पानी नभएको होइन । तर बाहिर राखिएको टयाङकिबाट कसैले पनि पानी लगेर हालेको देखिएन । भित्र भने दिसा गरेर उभिने ठाउँ थिएन । दिसाले भरिएर दिसा बग्ने प्वालहरूनै बन्द भएका देखिन्थे ।यी ठाउँहरूमा पानीको समस्या पनि देखिएन । पानीको टयाङ्किलाई बाहिर भरेर राख्नुको सट्टा भित्रै भरिदियो भने शौच पछि सबैले पानी हाल्थे होलान् । बाहिरबाट पानी भरेर शौच जान लजाउने धेरैजसो विद्यार्थीहरू पानी भित्र भएपछि शौच पछि पखाल्थे होलान् । पानी हुँदाहुँदै पनि बाहिर राखेर शौचालयहरू दुर्गन्धित भएका पाईयो । त्यसैगरी दशैं अगाडि एउटा सहकारीको साधारण सभाको लागि जगडोल गयौं । त्यहाँ पनि शौचालयको अवस्था फरक थिएन । पानी बाहिर थियो भने भित्र पसिनसक्नुको फोहोर थियो । मेरो सानो छोराले बाहिर पिसाब गर्न नमाने पछि शौचालय लिएर गएँ । जतातत्तै दिसा थियो । उसको जुत्तामा दिसा लागेछ । फर्किने बेलामा गाडीमा दिसाको गन्ध आएकोले मात्र थाहा पाएँ । बिदाको दिन पनि चिसोले भित्र बस्न नसकिने हुँदा घाम ताप्दै रमाईलो गर्न अफिस, स्कुल कलेजबाट बनभोज गर्न यस्तासौन्दर्यले भरिपूर्ण ठाउँहरूमा जान सबै खुशी हुन्छन् । साथै यस्ता क्रियाकलापहरूले पुर्नताजगी ल्याउँछ र कार्य सम्पादनमा सहायता पुर्‍याउँछ । तर त्यहाँ भएका शौचालयको अवस्था सम्झिने वितिक्कै नाक खुम्चाउन थाल्छन् ।केहि दिन अघि महेन्द्रनगर जाने काम पर्‍यो । रात्रि बसबाट जाँदै थिएँ । खाजा तथा खाना खाने ठाउँका धरैजसो शौचालयहरू फोहोर थिए । तैपनि कसैलाई फोहोरको मतलब थिएन । आफ्नो पालो कहिले आउला र हलुका भइएला भन्दै शौचालयको ढोकामा आँखा गढेका थिए । एउटा बसका यात्रुहरूको पालो नसकिदै अर्को बसपनि आइपुग्यो । त्यो बसका यात्रुहरू पनि सिधै शौचालय तिर दौडिए । उता खाने समय जम्मा बीस मिनट मात्रै थियो । शौचालयमा लामो लाइन बसेर खाना खान बसेकी मात्र थिएँ बसको हर्न बजिहाल्यो । नखाइ हिंडनुपर्‍यो ।लामो यात्रामा कब्जियतको समस्या बढि हुन्छ । एउटैलाई शौचायलमा धेरै समय लाग्छ । कतिपय ठाउँमा महिला पुरुषको शौचालय एउटै हुन्छ । त्यस्तो ठाउँमा पालै आउँदैन । कहिले जंगलको छेउमा लगेर गाडी रोकिन्छ त्यस्तोमा महिलाहरूलाई झनै अप्ठायारो हुन्छ । दिनदिनै एउटै ठाउँमा खुल्ला शौच गर्दा ती ठाउँहरू पनि धेरै दुर्गन्धित भएका छन् ।

यसैगरी सरकारी अस्पताल लगायत उपत्यकाका कयौं सार्वजनिक स्थलहरूका शौचालयहरूको अवस्था पनि दयनीय छ । भएका शौचालयहरू पनि अपाङ्गमैत्री नभएका, साथै कुन ठाउँमा छन् भनेर सामान्य मान्छलाई समेत पत्ता लगाउन गाह्रो छ । कतिपय शौचालयमा पानी, सावुन, प्रकाशको व्यवस्था नभएको, महिलाहरूलाई स्यानिटरी प्याड फेर्न गाह्रो हुने तथा फाल्ने ठाउँ नभएको बढी छन् । तुलनान्मक रूपमा विभिन्न निजि अस्पताल, स्कुल, कलेज, अफिसहरूमा शौचालयहरू धेरै सफा हुन्छन् । भर्खर नयाँ बनेका निजी अस्पतालहरूमा शौचालय लगायत सबै ठाउँ सफासुग्घर हुन्छन् । दुईदिन अगाडि छोराको दाँत भर्न समाज अस्पताल चावेल पुगे । भर्खर नया बनाएको भवनमा सरेको रहेछ । शौचालय लगायत त्यहाँको सरसफाइ गजबको थियो । सानो परिवारको लागि घरभित्र भएका शौचालय जस्तै दिनभरि जसो भिडभाड भइराख्ने त्यहाँका शौचालयहरू धेरै सफा थिए ।

पन्ध्रदिन अगाडि श्रीमानको नियमित स्वास्थ्य परिक्षण गर्न म पनि त्रि. वि. शिक्षण अस्पताल महाराजगंज पुगे । करीव तीन घण्टा पालो कुर्दै बस्नुपरयो । त्यसै बिचमा शौच गर्न जाँदा अस्पताल भित्रकै भुँइतला सामान्य वार्डका शौचालयको हालत पनि दयनीय देखियो । महिला तथा पुरुष शौचालय सँगै रहेको एउटा अप्ठयारो त छँदैथियो त्यसमाथि शौच पछि हात धुने पानी र धारा कतै देखिएन । विग्रीएका धाराहरू पनि लामो समयदेखि मर्मत नभएर थन्किएका रहेछन् । शौचालयका भित्ता र विग्रीएका धाराका बेसिनमा पान र खैनि खाएर थुकेका दागहरू स्पस्ट देखिन्थे । यस्तो लाग्छ स्वस्थ मान्छे पनि सरकारी अस्पतालका शौचालय पसेर फर्किंदा विरामी पर्न बेर लाग्दैन ।शौच गरिसकेपछि प्यान वा कम्बोड पानीले पखाल्नु स्वास्थ्यको लागि राम्रो हो । क्यान्सरको उपचारका लागि केमो गराइरहेकाहरूले शौच गरेपछि पानीले पखालेर मात्र अरु मान्छेले शौच गर्नुपर्ने डाक्टरहरू बताउँछन् । तर खै अस्पतालकै शौचालयमा पानीको सुविधा ? वीर अस्पतालको शौचालयमा पनि यस्तै असहज धेरैचोटि अनुभव गरेकी छु । यद्धपि त्यहाँको अवस्थामा अचेल सुधार आएको छ । काम गर्ने इच्छाशक्ति छ भने केहिले रोक्दैन भन्ने उदाहरण हुन वीर अस्पतालका सुधारिएका शौचालय तथा अस्पताल भित्रका अन्य ठाउँहरू । त्यसैगरी प्रसुती गृह थापाथलीमा पनि टाढासम्म शौचालयको दुर्घन्ध आउने गर्छ । जसका कारण सुत्केरी हुन त्यहाँ गएको बेला शल्यक्रिया गर्नु परेकोले पाँच दिनको अस्पताल बसाइमा म लामखुट्टेको आक्रमणबाट मर्माहत भएकि थिएँ । कतै शौचालय नै छैनन् भने कहिं भएका ...बाँकी ७ पेजमा




# भव्य र उत्साहजनक रूपमा चलिरहेको छ मेची-महाकाली अभियान





त्यही दिन झापा विर्तामोडमा भएको कोणसभालाई पार्टी केस तथा मोर्चाका सचिवालय सदस्य मिनकुमार र पार्टी केस मोहन लिम्बूले सम्बोधन गरे । सोही दिन झापाकै दमकमा भएको कोणसभालाई नेता सीपी गजुरेल र पार्टी केस गणेश कटुवालले सम्बोधन गरेका थिए । त्यस लगत्तै अभियान टोली झापाको गौरीगञ्जको फत्तेपुरमा सीमा अवलोकनका लागि पुग्यो । त्यहाँ पिल्लर नं. १५०-१५१ बीचको करिब १०० भन्दा बढी भूमि भारतीय पक्षले मिचेको र सीमा क्षेत्रमै (कतिपय ठाउँमा नेपाली भूमि मिचेर) ४२ घर भारतीय नागरिकहरूको घर रहेको पाइएको अभियान टोलीका एक जना नेता नेगेन्द्र राईले जानकारी दिए । अभियान टोलीले सीमा क्षेत्रमा कोणसभा र सीमाबासी नेपालीसँग अन्तर्क्रिया समेत गऱ्यो । कोणसभालाई भने झापाका पार्टी सचिव विमलले सम्बोधन गरेका थिए ।

त्यसपछि मोरङ जिल्ला प्रवेश गरेको अभियान टोलीले मोरङको उर्लाबारीमा कोणसभा गऱ्यो । कोणसभालाई नेता सिपी गजुरेल र मोर्चाका केस हिम मिश्रले सम्बोधन गरेका थिए । त्यसपछि अभियान टोलीले मोरङकै डाइनिया बजारमा कोणसभा सम्पन्न गऱ्यो । योगेन्द्र राजवंशीले सञ्चालन गरेको कोणसभालाई नेता गजुरेलले सम्बोधन गरे । त्यसपछि भएको कर्सिया बजारको कोणसभालाई भने नेता नगेन्द्र राईले सम्बोधन गरे । कोणसभाको सञ्चालन भने पार्टी सचिव बादलले गरेका थिए ।

अभियान टोलीले ९ गते विहान विराटनगरमा पत्रकारहरू, वकिल तथा बुद्धिजीवीहरूसँग छुट्टाछुट्टै अन्तर्क्रिया गऱ्यो । र, दिउसो धरानको भानु चोकमा भव्य सभाको आयोजना गऱ्यो । सभालाई अध्यक्ष गजुरेल र सुनसरीका पार्टी सचिव पेमा लामाले सम्बोधन गरे । सभाको सञ्चालन भने मोर्चाका केस टिकाराम राईले गरेका थिए ।

१० गते १२ बजे इटहरी चोकमा प्रदेश स्तरीय सभा सम्पन्न गरियो । मोर्चाका सचिवालय सदस्य मनोजले सञ्चालन गरेको यहाँको सभालाई अध्यक्ष गजुरेल, पार्टी स्थायी समिति सदस्य प्रतिक, केस गणेश लगायतका नेताहरूले सम्बोधन गरेका थिए । सभाको अध्यक्षता भने नेता नगेन्द्र राईले गरेका थिए । त्यसपछि सुनसरीको डुवान क्षेत्र भाण्टावारीमा कोणसभा सम्पन्न गरी अभियान टोली २ नं. प्रवेश गरेको थियो । अभियान टोलीलाई सप्तकोशी ब्यारेजमा भव्य स्वागत गरिएको थियो ।

अभियान टोलीले शुक्रबार साँझदेखि शनिबार साँझसम्म पुग्दा विभिन्न पाँच स्थानहरूमा भव्य कोण सभा सम्पन्न गरेको छ । अभियानले जिल्लामा नेता, कार्यकर्ता र नागरिकमा संघर्षका लागि राम्रो उत्साह थपेको क्रान्तिकारी माओवादीका प्रदेश दुईका सेक्रेटरी कृष्णसिंह दनुवारले बताए ।

अभियान टोलीले कोशी ब्यारेज, राजविराजको नेता चोक, कल्याणपुर, शिशुवारी, दौलतपुर लगायतका स्थानमा भव्य कोण सभा गरेको हो । उक्त सभालाई मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेल, पार्टीका स्थायी समिति सदस्य प्रतिक, पोलिटव्यूरोहरू कमल चौधरी, कृष्णसिंह दनुवारलगायत केन्द्रीय सदस्यहरू र मोर्चा, संगठनका नेताहरूले सम्बोधन गरका थिए ।

अभियान टोलीले आइतबार सिरहाको सीमावर्ति क्षेत्रको निरीक्षण तथा विभिन्न स्थानहरूमा कोण सभा सम्पन्न गरेको छ । सिरहाको भगवानपुर गापा र भारतको लौकाहा मधुवनीको बीचमा पर्ने सीमा क्षेत्रको निरीक्षण गरी आयोजना गरिएको कोणसभालाई क्रान्तिकारी माओवादीका पीविएम तथा २ नं. प्रदेशका सचिव कृष्णदेव सिंह दनुवारले सम्बोधन गरेका थिए ।

### महाकालीबाट सुरु भएको अभियान टोली ५ नं. प्रदेशमा

कञ्चनपुरको गड्डाचौकीबाट एक भव्य कार्यक्रमका बीच मेची-महाकाली अभियानको उद्घाटन गरियो । मोर्चाका सचिव परि थापाले अभियानको उद्घाटन गरे । मोर्चाका सचिवालय सदस्य तथा ७ नं. प्रदेशका संयोजक रामबहादुर केसीले अध्यक्षता गरेको कार्यक्रमको सञ्चालन मोर्चाका सचिवालय सदस्य दिपकबहादुर शाहीले गरेका थिए । कार्यक्रमलाई पार्टी स्थायी समिति सदस्य राजवीर, पीविएम अटल, मोर्चाका सचिवालय सदस्य तथा ५ नं. प्रदेशका संयोजक केवी गुरुङ लगायतका नेताहरूले सम्बोधन गरेका थिए । कार्यक्रममा ७ नं. प्रदेशमा कार्यरत सबै पार्टी तथा मोर्चाका केन्द्रीय सदस्यहरू, जबस मोर्चाका प्रदेश प्रमुखहरू, पार्टी सचिवहरू लगायतका नेताहरूको उपस्थिति रहेको थियो । ५ नं. प्रदेशमा कार्यरत केस चिन्तनराज, शिशिर लगायतका नेताहरूको समेत उपस्थिति रहेको थिया । यो अभियान टोलीमा ५ नं. प्रदेशबाट सुरुदेखि नै नेता गुरुङको नेतृत्वमा १५ जनाको टोली अभियानमा सहभागी भइरहेको छ ।

नेता थापाको नेतृत्वमा रहेको यो अभियान टोलीले उद्घाटन लगत्तै कञ्चनपुरको झलारी, बेलौरीमा कोणसभा सम्पन्न गऱ्यो । र, अर्को दिन विवादित सीमा क्षेत्र पुनर्बास गोविन्दबजार क्षेत्रको सीमा अनुगमन गर्दै सीमाका पीडित जनतासँग अन्तर्क्रिया सम्पन्न गऱ्यो । साथै, गोविन्द बजार र आइबारडी बजारमा कोणसभा सम्पन्न गरियो । कोणसभालाई नेताहरू परि थापा, अटल, रामबहादुर केसी लगायतले सम्बोधन गरेका थिए ।

कैलाली जिल्ला प्रवेश गरेपछि अभियान टोलीले कैलालीको धनगढी चोक, अत्तरिया, सुखड, भजनीका कोणसभा सम्पन्न गऱ्यो भने जोशिपुरमा जनतासँग भेटघाट कुराकारी गरियो । यो अभियान टोलीले टिकापुरमा भव्य सभा सम्पन्न गऱ्यो । सभालाई मोर्चाका सचिव थापा, पार्टी पीविएम अटल, नेता रामबहादुर केसी लगायतले सम्बोधन गरेका थिए । र, त्यहाँ नेतासँग रेडियो अन्तर्वार्ता समेत गरिएको थियो । यहाँको कार्यक्रम सकेपछि १० गते अभियान ५ नं. प्रदेश प्रवेश गरेको थियो । ५ नं. प्रदेशअन्तर्गत बर्दियाको राधापुरमा अभियान टोलीलाई भव्य स्वागत गरिएको थियो ।

बर्दियाको राधापुरमा कोणसभा सम्पन्न गरेपछि अभियान टोलीले शंकरपुरको सतार फारममा सीमा निरीक्षण गरेको थियो । त्यहाँ वर्षौंदेखि खेतीपाती गर्दै आएका नेपालीहरूलाई भारतीय पक्षले खेतीपाती गर्न दिएको छैन । भारतीय पक्षसँग त्यहाँका जनताको बेला बेला विवाद र झडप समेत हुने गरेको छ । केही समय पहिले नेपालीहरूले आफ्नो जग्गा जमिनको तारबार गर्न जाँदा भारतीय सीमा सुरक्षा बलले उखेलेर फालिदिएको पाइएको अभियानमा सहभागी क्रान्तिकारी माओवादीका केस हिरामणि दुखीले जानकारी दिए । उनका अनुसार ओली सरकार र मोदी सरकारसँग सीमाका जनता निकै आक्रोसित छन् । सीमाका पीडित जनतासँग अन्तर्क्रिया समेत सम्पन्न गरी अभियान टोलीले बर्दियाकै भुरी गाउँ बजारमा भव्य सभा सम्पन्न गरेको छ । सभालाई सचिव थापा, केवी गुरुङ, पार्टी केस शिशिर, चिन्तनराज, संकुललगायतले सम्बोधन गरेका थिए । टोलीले तारा तालको लालिबजार र गुलरियामा कोणसभा सम्पन्न गरी पत्रकारहरूसँग समेत अन्तर्क्रिया गऱ्यो ।

अभियान टोलीले शनिबार बाँकेको खजुरा-५ सिमलघारीमा जनसमुदायको भव्य उपस्थितिमा सभा सम्पन्न गरेको छ । सभालाई नेता थापा, नेता गुरुङ लगायतले सम्बोधन गरेका थिए । त्यसपछि खजुरामा कोणसभा सम्पन्न गरेको अभियान टोलीले आइतबार धम्बोजी र कोहलपुरमा भव्य सभा सम्पन्न गरेको छ ।

### पोखराबाट सुरु भएको अभियान टोलीका यस्ता छन् कार्यक्रम


नारा जुलुसहित बेलुन उडाएर भव्य रूपमा ७ फागुनमा पोखरामा उद्घाटन गरेको मेची-महाकाली जनजागरण अभियान अहिले प्रदेश नं. ४ का जिल्लाहरूमा सञ्चालित छ । मोर्चाका सचिवालय सदस्य तथा ४ नं. प्रदेशका संयोजक केशबहादुर परियारले गरेको अभियान उद्घाटन समारोहमा पार्टी केसहरू अनुकूल, निश्चल, निलबहादुर पुन, रामजी थापा, मोर्चाका केन्द्रीय सदस्यहरू भीमबहादुर श्रीस लगायतका नेताहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा ४ नं. प्रदेशका सबै नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो । बैठकले फागुन ८ देखि १४ गते सम्म प्रचार प्रसार, पर्चा वितरण, जनपरिचालन कार्यक्रमहरू सबै जिल्लाहरूमा सञ्चालन गर्ने निर्णय गऱ्यो ।

अभियान टोलीमा प्रदेश संयोजक, पार्टी र देजमोका सी.सी.एमहरू, प्रदेश सदस्यहरू, जिल्ला सेक्रेटरीहरू, जबस मोर्चाका प्रमुखहरू, युवा, विद्यार्थी, पत्रकार र कलाकारहरू रहने निर्णय गरेको छ । मोर्चाले फागुन १५ गते स्याङजा, १७ गते कास्की, १९ गते लम्जुङ्ग र गोर्खा, १६ गते बागलुङ्ग , म्याग्दी र पर्वत, फागुन १८ गते तनहुँ र फागुन २० गते नवलपुरमा सभा गर्ने निर्णय गरेको छ ।

### काठमाडौंमा उद्घाटन गरिएको अभियान टोली २१ गतेको तयारीमा

काठमाडौंमा भव्य र सान्दार रूपमा उद्घाटन गरिएको मेची-महाकाली अभियान अहिले २१ गते चितवनमा समापन गरिने अभियानको तयारीमा जुटेको छ । पार्टीका पीविएम तथा ३ नं प्रदेशका सचिव दिनेश शर्माले उद्घाटन गरेको अभियानमा सामना साँस्कृतिक परिवारको क्रान्तिकारी गीत र नृत्यको प्रस्तुतीले उद्घाटन समारोहलाई भव्य र सान्दार बनाएको थियो । कार्यक्रमलाई नेता शर्मा, मोर्चाका सचिवालय सदस्य तथा ३ नं. संयोजक पवनमान श्रेष्ठ, पार्टी केस कान्छाराम तामाङ लगायतमा नेताहरूले सम्बोधन गरेका थिए । भरत बुर्जा मगरको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहको सञ्चालन मोर्चाका केस तथा काठमाडौं अध्यक्ष खगेन्द्र छन्त्याललले गरेका थिए । मोर्चाका सचिवालय सदस्य हरिकृष्ण गजुरेलसमेतको उपस्थिति रहेको कार्यक्रमलाई मोर्चाकी केस तथा ललितपुर अध्यक्ष इन्दिरा अधिकारीले स्वागत गरेकी थिइन् ।

उद्घाटपछि ३ नं. प्रदेशका नेता कार्यकर्ताहरू फागुन २१ मा चितवनमा समापन गरिने अभियानको तयारीमा जुटेका छन् । मोर्चाको चितवन जिल्लाले मेची-महाकाली अभियानको सूचना सभा समेत गरिरहेको छ । फागुन ७ मै जिल्लाको चौविसकोठीमा सुचना सभा सम्पन्न गरेको मोर्चाले जिल्लाका अन्य ठाउँमा पनि त्यस्ता सभा गरिने जनाएको छ । समापनलाई भव्य र प्रभावकारी बनाउन ३ नं. प्रदेशको सिंगो शक्ति तयारीमा जुटेको मोर्चाले जनाएको छ ।




प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिरनन्द महर्जन, फोटो: जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।